का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ कात्तिक २०८१,
सोमबार
28 October, 2024
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २५२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# भारतलाई हराएर फाइनलमा नेपाल



युट्युब स्ट्रिमिङमा लाखौं भ्यूअर अनि दर्शकले भरिभराउ रंगशालामा भारतलाई हराउँदै नेपाली महिला फुटबल टिम साफ च्याम्पियनसिपको फाइनलमा पुगेको छ । छैटौं पटक फाइनल पुग्न आइतबार राति घरेलु रंगशालामा नेपालले निकै ठूलो संघर्ष गर्नु परेको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक

भारतलाई पेनाल्टी सुटआउटमा हराउँदै नेपाल साफ महिला च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ। आइतबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलको निर्धारित समयमा दुवै टोलीले १-१ गोलको बराबरी भएको थियो। पेनाल्टी सुटआउटमा ४-२ ले पराजित गरेको हो।

विवादले दुई पटकसम्म रोकिएको खेल एक-एक बराबरीमा खेल सकिएको थियो। शुरुवातमा रेखा पौडेलले रातो कार्ड खाएपछि मैदानमा दर्शकले बोतल फाल्दा खेल झन्डै १३ मिनेट रोकियो। त्यसपछि शुरु भएको खेलको केही समयमै भारतले गोल गर्दै १-० को अग्रता लियो। संगीता बास्फोरले गोल गर्दै भारतलाई अग्रता दिलाएकी थिइन्।

नेपालले लगत्तै भारतले गोलको खुसी मनाइरहेको अवस्थामा किकअफमा »» पृष्ठ २ मा

## विद्युत महसुल विवाद

# विद्युत प्राधिकरण र उद्योगी आमने सामने

नेपाल विद्युत प्राधिकरणले बक्यौता महसुल नबुझाएका ३२ वटा उद्योगको लाइन काटेपछि संचालकहरू विरोधमा उत्रिएका हुन् । उद्योगहरू निसर्त लाइन जोड्न दबाब दिइरहेका छन् भने प्राधिकरण बिना महसुल लाइन नजोड्ने अडानमा छ ।



लाइन काटेका छौं । उद्योगले डेडिकेटेड र ट्रंकलाइनको २८ महिनाको बाँकी बक्यौता रकम नतिरेसम्म उद्योगहरूमा लाइन जोड्दैनौं ।

**कुलमान घिसिङ**
**कार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**



कुन महिनामा कुन दिन हामीले बिजुली बालेको हो, प्रमाण दिनुस् । लाल आयोगले भनेअनुसार बिजुली प्रयोग गरेको रहेछ भने तिर्छौं ।

**पशुपति मुरारका**
**उद्योगी**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।


डेडिकेटेड र ट्रंकलाइन विवादमा नेपाल विद्युत प्राधिकरण र उद्योगीहरू फेरि आमुन्ने सामुन्ने भएका छन्।

प्राधिकरणले विद्युत् उपभोग गर्ने उद्योगीहरूले बिल तिर्न आनाकानी गरेको बताउँदै आएको छ। पछिल्लो समय किस्ताबन्दीको सुविधासहित तीन महिनाको समय दिँदा समेत महसुल नबुझाएको भनेर ३२ उद्योगको लाइन »» पृष्ठ २ मा



### ८ वटा उद्योगले बुझाए महसुल

नेपाल विद्युत प्राधिकरणले उद्योगहरूको लाइन काट्नुअघि महसुल बुझाउन ९० दिनको समयसीमा दिएको थियो। तर, उद्योगीहरूले समय अवधिमा महसुल नतिरेपछि लाइन »» पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

# तीन देशमा श्रम काउन्सिलर र चार देशमा श्रम सहचारी नियुक्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले थप तीन श्रम गन्तव्यमा काउन्सिलर श्रम र चार गन्तव्यमा श्रम सहचारी नियुक्त गरेको छ। मन्त्रालयले दक्षिण कोरिया, मलेसिया र कतारका लागि उपसचिव स्तरको काउन्सिलर श्रम र यूएई, साउदी अरेबियाको जेद्दा, मलेसिया र ओमानका लागि शाखा अधिकृत स्तरका श्रम सहचारी नियुक्त गरेको हो।

दक्षिण कोरियाका लागि मैया कँडेल, मलेसियाका लागि कृष्णप्रसाद भुसाल र कतारका लागि सीता सुवेदी काउन्सिलर श्रम नियुक्त भएका छन्। कँडेल वैदेशिक रोजगार विभाग र अन्य मन्त्रालयमा कार्यरत रहेका छन्। श्रम तथा रोजगार कार्यालय विराटनगरमा कार्यरत पुष्पराज कटुवाल प्रतीक्षा सूचीमा परेका छन्। उपसचिव कँडेल यसअघिको काउन्सिलर श्रमको नतिजामा प्रतीक्षा सूचीमा थिइन्।

मन्त्रालयले यूएईको श्रम सहचारीमा पंकज लाभ कर्ण, साउदी अरेबियाको जेद्दाका लागि जीवन कुमार घिमिरे, मलेसियाका लागि विकास कुमार रजक र ओमानका लागि दामोदर ज्ञवालीलाई नियुक्त गरेको छ। कल्पना खनाल रेग्मी प्रतीक्षा सूचीमा रहेकी छन्। नियुक्ति पाएकामध्ये रजक विभाग र अन्य हाल मन्त्रालयमा कार्यरत रहेका छन्।

मन्त्रालयले गत भदौ १८ गते तीन श्रम गन्तव्यमा काउन्सिलर श्रम र चार गन्तव्यमा श्रम सहचारीका लागि दरखास्त आह्वान गरेको थियो। यसअघि केही ढिलो गरी नतिजा सार्वजनिक हुने गरेकोमा यस पटक दरखास्त आह्वान गरेको दुई महिना नपुग्दै नतिजा प्रकाशित गरेको हो।

यसअघि जस्तै ढिलो नतिजा सार्वजनिक हुने ठानेका कतिपय प्रतिस्पर्धीहरूले भनसुन र दौडधुप समेत गर्न पाएनन्। मन्त्रालय निकट सूत्रका अनुसार कतिपय प्रतिस्पर्धी सचिवलाई भेट्ने उपयुक्त मौका र अवसरको योजना बनाइरहेका थिए। तर उनीहरू सचिवको ढोकामा नपुग्दै नतिजा सार्वजनिक भएको बताइएको छ। सरकार परिवर्तन हुने हल्ला चलेपछि छिटोछिटो कार्यसम्पादन भएको बताइएको छ।

मन्त्रालयले केही दिनअघि मात्रै साउदी अरेबिया र यूएईका लागि काउन्सिलर श्रम तथा कतार र बहराइनका लागि श्रम सहचारी नियुक्त गरेको थियो। साउदी अरेबियाको काउन्सिलर श्रममा उपसचिव कविराज उप्रेती र यूएईका लागि दिपेन्द्र पौडेल नियुक्त भएका छन्। उप्रेतीले वैदेशिक रोजगार विभाग र पौडेलले वैदेशिक रोजगार बोर्ड र मन्त्रालयमा लामो समय काम गरेका थिए।

कतारको श्रम सहचारीमा सुनिता थापा र बहराइनका लागि प्रेम प्रसाद पोखरेल नियुक्त भएका छन्। छनोट भएका काउन्सिलर श्रम र श्रम सहचारीहरू परराष्ट्र »» पृष्ठ २ मा

## सहकारी ठगी प्रकरण

# अनुसन्धानमा तानिँदै निकिता

**शिव विक/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।

नेपाल प्रहरीले काठमाडौंको कालिमाटी स्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलनको विषयमा अनुसन्धान अघि बढाएको छ। यही सहकारीको रकम अपचलनको आरोपमा निकिता पौडेलविरूद्ध प्रहरीमा जाहेरी परेको छ।

निकिता स्वर्णलक्ष्मी सहकारीकी पूर्व उपाध्यक्षा हुन् । स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थामा भएको आर्थिक अपचलनसम्बन्धी मुद्दा जिल्ला प्रहरी परिसर काठमाडौंले दर्ता गरेको छ।



निकिता विरूद्धको जाहेरी दर्ता भएसँगै सहकारी ठगी प्रकरणमाथिको अनुसन्धानमा तानिने भएकी हुन् । निकिताले आफू कार्यरत रहेको बेला सम्बन्धित सहकारीबाट ऋण लिएको दाबी प्रहरीको छ ।

निकिता विरूद्धको जाहेरी दर्ता भएसँगै सहकारी ठगी प्रकरणमाथिको अनुसन्धानमा तानिने भएकी हुन् । निकिताले आफू कार्यरत रहेको बेला सहकारीबाट ऋण लिएको दाबी गरिएको छ।

तर निकिताले ऋण तिरिसकेकी छिन् । तर, सहकारीबाट नियमविपरीत रकम प्रवाह गरिएको र थुप्रै बचतकर्ताको रकम अपचलन भएको आरोपमा मुद्दा दर्ता भएको हो।

निकिता राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति »» पृष्ठ २ मा

# बालबालिकाको क्यान्सर उपचार निःशुल्क

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयस्तरीय निर्णयबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने निर्णय भएको छ । मंसिर १ गतेदेखि निर्णय कार्यन्वयन गर्ने गरी शुरुमा निःशुल्क उपचारका लागि तीन वटा सरकारी अस्पताल तोकिएको छ ।



राज्यको सामर्थ्यका आधारमा धेरै धनराशि खर्च हुने क्यान्सर उपचार निःशुल्क गर्ने मन्त्रालयको नीति छ । यस अन्तर्गत १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने निर्णय भएको हो ।

**प्रदीप पौडेल**
**स्वास्थ्य तथा जनसंख्यामन्त्री**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ११ कात्तिक ।

१४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क हुने भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्तरीय निर्णयबाट १४ वर्षमुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने निर्णय भएको छ। मंसिर १ गतेदेखि निर्णय कार्यन्वयन गर्ने गरी शुरुमा निःशुल्क उपचारका लागि तीन वटा सरकारी अस्पताल अस्पताल तोकिएको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आइतबार मन्त्रीस्तरीय निर्णय गर्दै सरकारी अस्पतालहरु कान्ति बाल अस्पताल काठमाडौं, भक्तपुर क्यान्सर अस्पताल भक्तपुर र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनमा यस्तो सेवा निःशुल्क गर्ने निर्णय गरेका हुन्।

मन्त्री पौडेलका अनुसार मंसिर १ गतेबाट उपचार निःशुल्क हुने गरी व्यवस्था मिलाइएको हो। भन्छन्, 'राज्यको सामर्थ्यका आधारमा धेरै धनराशी खर्च हुने क्यान्सर उपचार निःशुल्क गर्ने मन्त्रालयको नीति छ।'

मन्त्री पौडेलले आफू मन्त्रालयमा पदबहाल गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थालेका थिए। हाल यो व्यवस्था बालबालिकाबाट शुरु गर्न लागिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार नेपालमा कुल मृत्युमध्ये दुई तिहाइभन्दा बढी ७१ प्रतिशत नसर्ने रोगका कारण हुने गरेको छ। त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालयअन्तर्गतको इपिडिमियालोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्यांकमा छ।

नेपालमा सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएका थिए। नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको तथ्यांक छ। ती बालबालिकालाई परिवारको आर्थिक अभावमा मृत्युको मुखमा पर्न नदिन र समयमै उपचार गरेर ज्यान बचाउन उपचार निःशुल्क बनाउने निर्णय गरिएको मन्त्रालयले जनाएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलका अनुसार नागरिकलाई आधारभूत औषधि कम मूल्यमा उपलब्ध गराउने पर्यास पनि अगाडि बढेको छ। »» पृष्ठ २ मा

# सरकार एआईसम्बन्धी नीति निर्माणका क्रममा छ : मन्त्री गुरुङ

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले इन्टेलिजेन्स आर्टिफिसियल (एआई) र रोबर्टजन्य यन्त्रको प्रयोगले नेपालको समृद्धिको यात्रालाई तीव्र गति दिने सम्भावनालाई ध्यानमा राख्दै सरकार यससम्बन्धी नीति निर्माणमा लागिपरेको बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपालको आयोजनामा राजधानीमा आजदेखि शुरु भएको एआई र रोबोट प्रविधिसम्बन्धी दुईदिने सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री गुरुङले देशको आर्थिक, औद्योगिक विकासका साथै अनुसन्धान र शिक्षाको उन्नयनमा एआईको असीमित भूमिका हुने समेत बताए ।

एआई र रोबोर्ट प्रविधिको सुरक्षित र प्रभावकारी प्रयोग गर्न सके औद्योगिक क्षेत्रमा उत्पादनको संख्या, गुणस्तर मात्र बढ्ने नभई नवप्रवर्तनलाई प्रोत्साहन मिल्ने भएकाले सरकारले सार्वजनिक निजी साझेदारीअन्तर्गत अघि बढ्न चाहेको पनि मन्त्री गुरुङले बताए ।

नेपालले योजनाबद्ध रूपमा सूचना प्रविधिसम्बन्धी विशेष आर्थिक क्षेत्र अघि बढाउँदै सूचना प्रविधिमा क्रान्ति गर्नाका साथै वैदेशिक सूचना प्रविधि कम्पनीहरुलाई उनीहरुको उत्पादनका लागि 'आउट सोर्सिङ' गन्तव्यका रूपमा आकर्षित गर्न खोजेको मन्त्री गुरुङले



बताए । 'यसमार्फत हामीले सूचना प्रविधिमा दक्ष जनशक्तिलाई देशभित्रै आकर्षक रोजगारीको सुनिश्चितता गर्न खोजेका हौं', उनले भने ।

साथै नेपाललाई सूचना प्रविधिसम्बन्धी लगानीका लागि एउटा आकर्षक गन्तव्यका रुपमा विकास गर्न खोजिएको मन्त्री गुरुङले बताए । एआईसहित उच्चस्तरको आइसिटी इकोसिस्टमसम्बन्धी लक्ष्य प्राप्तिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा एआईको प्रयोगसम्बन्धी अवधारणपत्रसमेत तयार पारिसकेको उनले उल्लेख गरे । सरकारले डिजिटल नेपाल फ्रेम वर्कसम्बन्धी नीतिको परिमार्जन आइटी एवं साइबर सुरक्षा ऐनको तयारीका साथ आवश्यक कानुन नीतिहरुसमेत बनाइरहेको उनले बताए । राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना तथा सामाजिक सञ्जाल सञ्चालन तथा व्यवस्थापन निर्देशिका लागू हुने क्रममा रहेको उनले जानकारी दिए ।

मन्त्रालयले डिजिटल नेपाल फ्रेम वर्कको प्रभावकारी कार्यान्वयन गर्दै डिजिटल प्रविधिको सार्वजनिक प्रयोगलाई बढावा दिन खोजिरहेको मन्त्री गुरुङले बताए । दिगो विकास लक्ष्य, २०३० को प्राप्तिका लागि सूचना प्रविधि क्षेत्रलाई अघि बढाउन आवश्यक भएको उनको धारणा थियो । नेपाललाई सूचनाप्रविधि मैत्री तथा एआई मैत्री देश बनाउनका लागि निजीलगायत सबै क्षेत्रलाई मन, वचन र कर्मका साथ सहकार्य गर्न मन्त्री गुरुङले आह्वान गरे ।

कार्यक्रममा युरोपेली देशमा रोबर्ट प्रविधि प्रवर्द्धन गरिरहेको संस्था इयू रोबोटिक्सका उपाध्यक्ष प्राध्यापक जुवा रोनिङले एआईको प्रयोग मानव हितका साथै मानवीय मर्यादा कायम रहनेगरी गर्नुपर्नेमा जोड दिँदै नीतिनियमबाट निर्देशित एआई प्रयोग हुनुपर्ने बताए । 'आजको समग्र चिन्ता नै एआईको प्रभावकारी, सर्वस्वीकार्य तथा सुरक्षित प्रयोग कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने हो', उनले भने ।

अबुधावीस्थित खलिफा विश्वद्यालयका प्राध्यापक डा जे एम मनिन्द्र दियासले कृषि, स्वास्थ्यसहितका विकासका विभिन्न विधामा एआईको प्रयोगले चामत्कारिक नतिजा दिएको उदाहरणहरु प्रस्तुत गरेका थिए । सोमबारसम्म चल्ने सेमिनारमा एआई र रोबोर्ट यन्त्रको विकासमा विभिन्न क्षेत्रका भूमिका तथा आगामी बाटोबारे छलफल हुने आयोजक संस्था राष्ट्रिय युवा सङ्घ नेपालले जानकारी दिएको छ ।

# प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै

**काठमाडौं/मस–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै गएको बताएका छन् ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले आइतबार आयोजना गरेको 'फौजदारी न्याय प्रणालीमा देखिएका चुनौती र सुधारका उपाए' विषयक कार्यशालामा प्रधानन्यायाधीश रावतले अपराध अनुसन्धानमा व्यावसायिक क्षमता विकास गर्नसके फौजदारी न्याय प्रणाली थप सुदृढ हुने विश्वास व्यक्त गरे । उनले प्रभावकारी फौजदारी न्याय प्रणालीको विकास गर्न अपराध अनुसन्धानमा नवीनताको विकास गर्न जरुरी रहेको पनि औंल्याए ।

न्याय प्रणालीलाई थप प्रभावकारी र छिटोछरितो बनाउन सरोकार राख्ने निकायबीचको समन्वय बढाउनुपर्ने आवश्यकता औंल्याउँदै प्रधानन्यायाधीश राउतले वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणका आधारमा अनुसन्धान गर्न जरुरी रहेको बताए । संविधान र कानुनको सिद्धान्तका आधारमा न्यायलाई नतिजामुखी बनाउन सफल अनुसन्धानले सहयोग गर्ने उल्लेख गर्दै उनले आज आयोजित कार्यशालाले न्यायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

महान्यायाधिवक्ता रमेश बडालले कतिपय अपराध



अनुसन्धाका फाइल हेर्दा अनुसन्धान अपुरै रहेको देखिने गरेको भन्दै यसतर्फ अनुसन्धान अधिकृतहरुको ध्यानाकर्षण गराए । उनले कुनै पनि अपराधको अनुसन्धानमा बयानले मात्रै नपुग्नेमा जोड दिँदै उनले वस्तुनिष्ठ तथ्य, फिङ्गर प्रिन्ट वा त्यस्तै प्रमाण जरुरी हुने बताए ।

लागुऔषधका आरोपीमाथिको अनुसन्धानको उदाहरण दिँदै उनले त्यस्ता व्यक्तिको अनुसन्धानका लागि शरीरमा लागुऔषधको तत्व देखिएको प्रमाण आवश्यक हुनेतर्फ अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराए । गृहसचिव गोकर्णमणि दुवाडीले आजको कार्यशालाले फौजदारी न्यायप्रणाली सुधारका विषयमा महत्वपूर्ण निष्कर्ष निकाल्ने विश्वास गरिएको बताए । उनले राज्यका निकायप्रति नागरिकको विश्वास जगाउनु चुनौती खडा हुँदै गएको बताउँदै प्रविधिको विकाससँगै अपराधमा पनि नयाँ शैलीको प्रयोग हुन थालेकाले अनुसन्धानलाई थप प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गरे ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले कसुरको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणले स्वच्छ र निष्पक्ष न्याय प्रथान गर्ने बताउँदै सफल अनुसन्धानले नेपाल प्रहरीको शाख र गरिमा बढाउने उल्लेख गरे । उनले प्रमाणमुखी अनुसन्धानलाई प्रहरीले जोड दिएको पनि बताए । अझै पनि परम्परागत अपराधको बाहुल्यता रहेको जानकारी गराउँदै प्रहरी महानिरीक्षक कुँवरले परम्परागत अपराध अनुसन्धानका साथै आधुनिक अनुसन्धान प्रणालीलाई पनि सँगसँगै लगिएको बताए । उनले आजको कार्यशालाले फौजदारी न्याय प्रणालीको सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

## भारतलाई...

गोल गऱ्यो, तर रेफ्रीले आफैं ह्विसल बजाएर खेल शुरुवात गरेपनि गोललाई मान्यता दिइनन् । त्यसपछि विवाद हुँदा खेल झण्डै १ घण्टा रोकियो ।

खेल सुचारु भएको केहीबेरमा नेपालले गोल फर्कायो । सावित्रा भण्डारी 'साम्बा'ले उत्कृष्ट गोल गर्दै खेल बराबरीमा ल्याइन् । त्यसपछि गोल हुन नसक्दा खेल बराबरी हुँदै टाइब्रेकरमा पुगेको थियो ।

पेनाल्टी सुटआउटमा नेपालका लागि वैकल्पिक खेलाडीको रुपमा मैदान छिरेकी गोलकिपर अन्जना राना मगरले उत्कृष्ट प्रर्दशन गरेपछि नेपालको जित सहज बनेको हो । पेनाल्टी सुटआउटमा भारतको पहिलो प्रहार नै कप्तान आशालता देवीले पोस्टमा प्रहार गर्दा भारत शुरुमै पछि पऱ्यो । त्यसपछि साम्बाले नेपालको पहिलो पेनाल्टीमा गोल गर्दै नेपाललाई अग्रतामा दिलाइन् । भारतकी मनिषाले दोस्रो प्रहारमा गोल गरिन् । नेपालकी गीता रानाले गोल गर्दै २-१ को अग्रता दिलाइन् । त्यसपछि पुरुषोत्तम शिरोभ्करले गोल गर्दै खेल २-२ मा ल्याइन् ।

सविताले तेस्रो प्रहारमा गोल गर्दै खेलमा नेपाललाई अग्रता दिलाइन् । भारतको चौथो प्रहार गरेकी रन्जना चानुको पेनाल्टीलाई अन्जनाले उत्कृष्ट बचाउ गरिन् । त्यसपछि अमिषा कार्कीले गोल गर्दै नेपाललाई जित दिलाइन् ।

अब नेपालले उपाधिका लागि बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ । आइतबार नै त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा भुटानलाई ७-१ गोल अन्तरको फराकिलो जित निकाल्दै बंगलादेश फाइनलमा प्रवेश गरेको थियो ।

बंगलादेशकी तोहुरा खातुनले ह्याट्रिक गरिन् । साबिना खातुनले दुई गोल गर्दा ऋतु पोर्ना चक्मा र सेउली अजिम नाममा रह्यो । भुटानकी डेकी लाजोमले एक गोल फर्काइन् ।

बंगलादेशले खेलको सातौं मिनेटमै ऋतुको गोलमार्फत अग्रता बनाएको थियो । त्यसपछि पनि लगातार गोल गर्दै भुटानमाथि बंगलादेशलाई दबाबमा राख्दै गोल गऱ्यो ।

४१औं मिनेटमा भुटानका लागि डेकी ल्हाजोमले एक गोल फर्काएकी थिइन् । दोस्रो हाफको ५८औं मिनेटमा तोहुराले ह्याट्रिक पूरा गरिन् । भुटानले केही सकारात्मक मुभ बनाए पनि काउन्टरमा बंगलादेशले गोल गर्दै ६-१ को अग्रता लियो । ७२औं मिनेटमा बंगलादेशले सातौं गोल थपेको थियो ।

## विद्युत...

काटेको छ । प्राधिकरणले बक्यौता महसुल नबुझाएका ३२ वटा उद्योगको लाइन काटेपछि संचालकहरू विरोधमा उत्रिएका हुन् । उद्योगहरू निसर्त लाइन जोड्न दबाब दिइरहेका छन् भने प्राधिकरण बिना महसुल लाइन नजोड्ने अडानमा छ ।

उद्योगीहरूले पत्रकार सम्मेलन नै गरेर डेडिकेटेड र ट्रंक लाइन महसुल विवादमा रहेकाले विवाद समाधान नभइ लाइन काट्नु गलत भएको बताएका छन् । उनीहरूले प्राधिकरणलाई बिजुली बालेको प्रमाण देखाउन चुनौती दिएका छन् ।

प्राधिकरणले विनाप्रमाण उद्योगको बिजुली लाइन काटेको उनीहरूको आरोप छ । उद्योगीहरूका अनसार लाइन काटिएपछि तीन दर्जन उद्योग बन्द भएका छन् ।

उद्योगी पशुपति मुरारका भन्छन्, 'पैसा माग्न प्राधिकरणले प्रमाण दिनुपर्छ । कुन महिना कुन दिन हामीले बिजुली बालेको हो, त्यसको प्रमाण दिनुस् । लाल आयोगले भने अनुसार बिजुली प्रयोग गरेको रहेछ भने तिर्छौं । बिजुली बाल्ने अनि पैसा नतिर्ने भन्ने हुँदैन ।'

मुरारकाले ६ घण्टाभन्दा बढी लोडसेडिङ हुँदा २० घण्टाभन्दा बढी बिजुली प्रयोग गरेको भए प्रमाण दिइनुपर्ने बताएका छन् ।

बक्यौता बुझाउन बाँकी रहेका उद्योग सञ्चालकहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । उद्योगीहरू ऊर्जा मन्त्रालयदेखि प्रधानमन्त्री कार्यालय र संसदीय समितिसम्म पनि पुगिरहेका छन् ।

उद्योगीहरूले राजनीतिक लविङ गरेर दबाब सिर्जना गर्ने नीति लिएपछि नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि पत्रकार सम्मेलन गरेर प्रतिवाद गरेका छन् । घिसिङले मुलुक लोडसेडिङमा रहेका बेला डेडिकेटेड र ट्रंकलाइनबाट विद्युत् उपभोग गर्ने उद्योगीहरूले बिल तिर्न आनाकानी गरिरहेको आरोप लगाउँछन् ।

बक्यौता रकम नउठाएकाले निर्देशकलाई कारबाही गर्नुपर्छ भन्ने समेतको आरोप लागेको छ । 'प्राधिकरणले डेडिकेटेड र ट्रंकलाइनको बाँकी बक्यौता रकम नउठाउने भनेका छैनौं' प्रष्टीकरण दिँदै घिसिङ भन्छन्, 'प्राधिकरणले उठाउन खोज्दा पटक-पटक माथिल्लो निकायबाट निर्देशन भएको अवस्था हो । अन्तिम पटक लाइन जोडेर सबैसँग छलफल गरौँ । तर उद्योगीहरू प्राधिकरणमा आउन भएन ।'

उनका अनुसार प्राधिकरणको अन्तिम विकल्प उद्योगको लाइन काट्ने हो । भन्छन्, 'लाइन काटेका छौं । उद्योगले डेडिकेटेड र ट्रंकलाइनको २८ महिनाको बाँकी बक्यौता रकम नतिरेसम्म उद्योगहरूमा लाइन जोड्दैनौं ।'

## ८ वटा...

काटेको हो ।

प्राधिकरणले किस्ताबन्दीमा महसुल बुझाउनका लागि समय दिएको छ । यो सुविधाअनुसार ८ वटा उद्योगले विद्युत् महसुल बुझाएका छन् । महसुल बुझाएका उद्योगमा लाइन जोडिएको छ ।

प्राधिकरणका अनुसार पहिलो किस्ता बुझाएपछि हालै दुई उद्योगमा लाइन जोडिएको छ । बक्यौता रकमको पहिलो किस्ता बुझाएपछि बुटवल वितरण केन्द्रअन्तर्गतका दुई उद्योगको विद्युत् लाइन जोडिएको हो ।

बुटवल वितरण केन्द्रअन्तर्गत रहेका जिबी टेक्टाइल र जिबी टेक्साइलले पहिलो किस्ताबापत क्रमशः ३५ लाख ३७ हजार रुपैयाँ र १४ लाख १२ हजार रुपैयाँ बुझाएपछि विद्युत् लाइन जोडिएको हो ।

तर, प्रधानमन्त्री केपी शर्मा ओली र ऊर्जामन्त्री दिपक खड्काको दबाबका बाबजुद नेपाल विद्युत् प्राधिकरणले लाइन काटेपछि गत शुक्रबार दुई उद्योगले बक्यौताको पहिलो किस्ता बुझाएका हुन् । महसुल बुझाएका उद्योगमा लाइन जोडिएको हो ।

## सहकारी...

रवि लामिछानेकी पत्नी हुन् । रवि लामिछाने सहकारी ठगी प्रकरणमा पक्राउ परेका छन् । लामिछाने यही कातिक २ गते पक्राउ परेका थिए ।

कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो । त्यसआधारमा काठमाडौंको चमतीस्थित पार्टी कार्यालय परिसरबाटै लामिछानेलाई प्रहरीको केन्द्रीय अनुसिन्धान ब्युरो (सीआइबी)ले पक्राउ गरेको थियो ।

कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका थिए । रवि लामिछानेविरुठ ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा अनुसन्धान चलिरहेको छ ।

संगठित अपराध सम्बन्धी कसुरमा अनुसन्धानका लागि प्रहरीले हिरासतमा राख्न पाउने ६० दिनको हदम्याद हुन्छ भने सम्पत्ति शुद्धीकरणमा ९० दिनको हदम्याद रहन्छ । रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरणमा अगाडि बढेसँगै रवि पत्नी निकिताविरुद्ध समेत सहकारी ठगीमा अनुसन्धान हुन लागेको हो ।

पति पत्नीको बीचमा बैंक कारोबारको रकम समेत संकास्पद रहेको प्रहरीको आशंका छ । तर, संसदीय छानबिन समिति भने सहकारी ठगीमा निकिता संलग्नताको विषयमा मौन रहेको थियो ।

तर, निकिता विगतमा संलग्न रहेको स्वर्णलक्ष्मी सहकारीमा काठमाडौं महानगरपालिकाले छापा मारेको थियो । निकिता निर्वतमान उपाध्यक्ष रहेको साई स्वागत बचत तथा ऋण सहकारीमा काठमाडौं महानगरपालिकाले गत चैत २१ गते छापा मारेको थियो । महानगरपालिकाको सहकारी विभागले लामो समयदेखि बचतकर्ताको उजुरीका आधारमा रेकी गरिरहेको थियो । त्यसआधारमा सहकारीमा विभागका कर्मचारी, महानगर प्रहरी सहित टोलीले छापा मारेको थियो । छापा मारेपछिको अनुसन्धान भने अगाडि बढेको थिएन ।

## बालबालिकाको...

औषधिको उचित मूल्य तथा गुणस्तरवृद्धिका लागि सुझाव दिन गठित समितिका पदाधिकारीसँग मन्त्री पौडेलले आइतबार छलफल गरेका थिए । उक्त छलफलमा मन्त्री पौडेलले आमउपभोक्तालाई उचित मूल्यमा कसरी औषधि वितरण गर्न सकिन्छ भनेर आवश्यक सुझाव दिन आग्रह गरे ।औषधिको मूल्य लामो समयदेखि समायोजन भएको छैन । तथापि, अहिलेको मूल्यवृद्धि गर्नेपर्ने अवस्था नरहेको बताए ।

मन्त्री पौडेलले ग्याँस र तेलको मूल्य बढ्यो भनेर औषधिको पनि बढाउनुपर्छ भन्ने नभएको बताए । औषधि नागरिकको जीवनसँग जोडिएको विषय भएकाले सरकारले मूल्य समायोजना गर्न खोजेको उनले बताए । मन्त्री पौडेलले नागरिकलाई सकेसम्म सस्तो मूल्यमा औषधि उपलब्ध गराउने गरी मूल्य समायोजन हुने बताए ।

औषधिको मूल्यसूचीबारे आफूले जानकारी राखेको भन्दै मन्त्री पौडेलले उत्पादन र बिक्री सूचीमा केही मात्रामा मूल्य घटाउन सकिने बताए । उनले मूल्य समायोजना गर्दा पनि व्यवसायीले मुनाफा राखेर अहिलेको भन्दा कम मूल्यमा अत्यावश्यक औषधि बिक्री गर्नसक्ने बताए ।

## तीन...

मन्त्रालयले दिने ओरिएन्टेशन लिएर तोकिएको देशमा जाने छन् । हाल यूएईमा दीनबन्धु सुवेदी, साउदी अरेबियामा देवेन्द्र कार्की काउन्सिलर श्रम र बहराइन जमुना काफ्ले, कतारमा कृष्ण पौडेल श्रम सहचारीको जिम्मेवारीमा रहेका छन् ।

मन्त्रालयले सबै श्रम गन्तव्यमा काउन्सिलर श्रम र श्रम सहचारीको नियुक्ति गरेपछि मन्त्रालयमा लामै समयदेखि त्यससम्बन्धी चासो र कौतुहलता हालका लागि समाप्त भएको छ । नियुक्ति पाउन नसकेपछि केही उपसचिव र शाखा अधिकृत अब श्रम मन्त्रालय रूँगेर काम छैन भन्दै अन्यत्र आकर्षक ठाउँमा जान शक्ति केन्द्रका बारेमा सोधखोज शुरू गर्न थालिसकेका छन् ।

परराष्ट्र मन्त्रालयले पछिल्ला दिनमा मागपत्र प्रमाणीकरणको जिम्मेवारीलगायतका काममा काउन्सिलर श्रम र श्रम सहचारीहरूको भूमिका खुम्च्याइरहेको छ । तर श्रम मन्त्रालयमा कार्यरत उपसचिवलाई काउन्सिलर श्रम तथा शाखा अधिकृतलाई श्रम सहचारी पदमा उच्च आकांक्षा रहने गरेको छ ।

मन्त्रालय, वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहत कार्यालय, राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड र सामाजिक सुरक्षा कोषमा कम्तीमा एक वर्ष काम गरेको उपसचिवले काउन्सिलर श्रम र शाखा अधिकृत श्रम सहचारीमा आवेदन दिन पाउने व्यवस्था छ । मन्त्रालय मातहत काजमा आएका कर्मचारीले आवेदन दिन पाउँछन् भने मन्त्रालयमा दरबन्दी भइ एक वर्षअघि काजमा गएका कर्मचारीले भने आवेदन दिन नपाउने व्यवस्था छ ।

दुवै पदका आकांक्षीले अंग्रेजी भाषामा आईईएलटीएस टेष्टमा ओभरअलमा ६ प्वाइन्ट, टोफल, पिबिटी, सिबिटीमध्ये कुनै एक परीक्षामा कम्तीमा ५५०२१३.७९ हासिल गरेको वा पीटीई परीक्षामा कम्तीमा ५१ अंक प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । ज्येष्ठता र अनुभवका लागि १५ अंक, अंग्रेजी भाषा ज्ञानका लागि १० अंक, व्यावसायिक कार्ययोजना र प्रस्तुतीकरणका लागि १० अंक र सचिवको मूल्यांकनबापत ५ अंक गरी ४० पूर्णांकको परीक्षामा छनोट हुन बढी अंक प्राप्त गर्नुपर्ने व्यवस्था छ । सबै प्रस्तुतिपछि सचिवले कार्यसम्पादन मूल्यांकन शीर्षकमा ५ अंक दिने गरेका छन् । कतिपयले दुवै पदको नतिजा धेरै हदसम्म सचिवको ५ अंकमा निर्भर हुने टिप्पणी पनि गर्ने गरेका छन् ।

# सन्धिखर्कमा प्लास्टिकका माला प्रतिबन्ध स्थानीय फूल व्यापारी हर्षित



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ कात्तिक

अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकाले प्लास्टिकका मालाहरुको बिक्रीमा रोक लगाएको छ । नगरपालिकाले नगर क्षेत्रभित्र तिहारको समयमा प्लास्टिकका मालाको बिक्री र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाएको नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

नगर पालिकाले स्थानीय फूलहरूको व्यवसायलाई प्राथमिकतामा राखी स्थानीय फूल किसानको माग अनुसार स्थानीयलाई थप प्रोत्साहन दिनुको साथै प्लास्टिकजन्य फोहोरको समस्या न्यूनीकरण गर्ने उद्देश्यले यो निर्णय गरिएको नगरपालिका प्रमुख प्रशासकीय अधिकृत खिमान्नद भुसालले जानकारी दिए । तिहारको समयमा प्लास्टिकका मालाहरुको प्रयोग बढ्ने र नगरपालिकाको स्थानिय फूलहरु बिक्री नहुने हुँदा प्लास्टिक मालाका कारणले वातावरणमा प्रभाव पर्ने फोहोरको मात्रा वृद्धि गर्ने र स्थानीय फूलहरूको प्रयोग घटाउने गरेको देखिएकोले नगरपालिकाले यस्तो निणर्य गरेको प्रमुख प्रशासकीय अधिकृत भुसालको भनाइ छ । नगरपालिकाको बैठकले उक्त निर्णय गर्दै सबै वडा कार्यालय, प्रहरी प्रशासन, र उद्योग वाणिज्य संघलाई यो निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

श्रेष्ठले भने,'यो निर्णय तत्काल लागू गर्ने र नगरवासीहरूलाई यसमा सहयोग गर्न आग्रह गरेका छौं ।' स्थानीय उत्पादनहरूको प्रवर्द्धनमा यो निर्णय महत्वपूर्ण हुने अपेक्षा गरिएको छ, जसले स्थानीय फूल व्यवसायलाई पनि प्रोत्साहन दिनेछ ।

यस कदमले नगर क्षेत्रमा प्लास्टिकजन्य प्रदूषण कम गर्ने र वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउने विश्वास नगरपालिकाले गरेको छ । साथै स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको कार्यलय प्रमुख भुसालले बताए ।

## यूएईमा रोजगार

कम्पनी: AL TAFADOL BUILDINGS MAINTENANCE LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/०८ — चलानी नं: ६०२०६७६९ — LT. No.: 291577 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 26 | 0 | स. काममा दक्ष | 1200 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: BAIT AL DIAFA GENERAL TRADING CO. LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/२२ — चलानी नं: ६०२१२७४७ — LT. No.:297732 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Officer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Supervisor | 5 | 0 | | 2500 | ९१,३७५ | | | | | | | |
| 3. | Telecommunication Assistant | 0 | 3 | | 2000 | ७३,१०० | | | | | | | |
| 4. | Receptionist | 0 | 2 | | 2000 | ७३,१०० | | | | | | | |
| 5. | Cashier | 5 | 0 | | 2200 | ८०,४१० | | | | | | | |
| 6. | Archivist | 5 | 0 | | 2000 | ७३,१०० | | | | | | | |

कम्पनी: GLOBAL CLEANING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०५ — चलानी नं: ६०२१३३१३ — LT. No.:298302 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner | 12 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 13 | 0 | | 800 | २९,२४० | | | | | | | |
| 3. | Cleaner | 10 | 0 | | 800 | २९,२४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १९ गते (4 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SIDDHA GLOBAL SERVICES PVT. LTD.
Basundhara - 3, Kathmandu, Nepal, Phone No: 4970142, 4970143
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com
इजाजत नं. ९३४/०६७/०६८

### गैरआवासीय नेपाली दिवस

# 'एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव छ'




**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले विकासका लागि पूर्वाधार तयार भइसकेकाले सबै एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव हुने बताएका छन्।

गैरआवासीय नेपाल संघ(एआरएन) द्वारा आइतबार आयोजत गैरआवासीय नेपाली दिवस र वार्षिक साधारणभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रविधि र उपकरण बढ्दो भएकाले विकास गर्न नसकिने भन्ने नहुने बताए। 'नेपालमा विकासका लागि बाटाघाटा र आवश्यक पूर्वाधार बनिसकेका छन्। अहिले दुर्गम भन्ने कुनै जिल्ला र भू-भाग छैन। सबै मिलेर काम गरेमा मुलुकलाई समृद्ध बनाउन सकिन्छ', उनले भने।

गैरआवासीय नेपाली संघको छविलाई कायम राखी संगठनलाई एकताबद्ध राख्दै साझा हितका लागि काम अनुरोध गर्दै प्रधानमन्त्री ओलीले भने,'सरकारका तर्फबाट सङ्घलाई कुनै हस्तक्षेप हुँदैन, निष्पक्ष भई स्वतन्त्र रुपमा काम गर्नुहोस, सहयोग गर्न सरकार तयार छ।'

उनले भने,'म अहिले प्रधानमन्त्री छु, म देशको प्रधानमन्त्री हो। एमालेको मात्रै प्रधानमन्त्री होइन। राष्ट्रपति पनि त्यही हो, राष्ट्रपति दल विशेषको हुँदैन, राष्ट्रको प्रमुख हुन्छ। त्यसैगरी सभामुख, प्रधानन्यायाधीशजस्ता पद साझा हुन्। हामीले त्यस हैसियतले काम गर्ने हो।'

आफू सन् १९९९ मा मस्को जाँदा डा.उपेन्द्र महतोसँग गैरआवासीय नेपाली अभियानबारे कुरा भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले एनआरएनलाई पहिचान र आवश्यक सुविधा दिन कुनै कन्जुस्याइँ नगर्ने स्पष्ट गरे। प्रधानमन्त्री ओलीले जिम्मेवार नेताबाट हतियार नचलाए पनि कसरी बिसाउनुपर्छ भन्ने जानेकाले 'हतियार बिसाएका मात्रै हौं' भनी धम्कीपूर्ण भाषा प्रयोग हुनथाल्नु देश र जनताका लागि दुःखद् भएको प्रसङ्ग उल्लेख गरे।

# ओमकुमारी शान्ति कोषको नेतृत्वमा सन्दीप खत्री सर्वसम्मत चयन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, बेनी, ११ कात्तिक



ओमकुमारी शान्ति कोष म्याग्दीको नयाँ कार्यसमिति चयन भएको छ। शनिबार बेनीमा खुला र बन्द गरी दुई चरणमा सम्पन्न कोषको दशौं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनको बन्द सत्रबाट सन्दीप खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो। समितिको वरिष्ठ उपाध्यक्षमा खम थापा मगर, प्रथम उपाध्यक्षमा लोकेश पुन मगर, महासचिवमा विनय श्रेष्ठ, सचिवमा दीपक श्रेष्ठ, कोषाध्यक्षमा नेत्रराज सुवेदी र सह-कोषाध्यक्षमा टकसरा राना चयन भएका छन्।

सदस्यहरूमा मिना राम्जाली, राजेन्द्र आचार्य, कृष्ण जिसी, नन्दु पाइजा, कमल खत्री, सन्तोष गौतम र वीरेन्द्र श्रेष्ठ चयन भएका छन्। निर्विरोध निर्वाचित कार्यसमितिलाई कोषका संस्थापक अध्यक्ष तथा निर्वाचन समितिका संयोजक चन्द्र कुमार केसीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

अधिवेशनको खुला सत्र कोषका अध्यक्ष हरिकृष्ण गौतमको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो। अधिवेशनमा प्रमुख अतिथिसहित प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल, मालिका गाउँपालिकाका अध्यक्ष वेगप्रसाद गर्बुजालगायतले शुभकामना मन्तव्य राखेका थिए। वक्ताहरूले विपन्नको उपचारमा सघाउँदै आएको संस्थाको गतिविधिलाई थप सक्रिय बनाउन अनुरोध गर्दै दुःखीको दुःखलाई जित्न निरन्तरताको सुझाव दिएका थिए। अधिवेशनलाई महासचिव विनय श्रेष्ठले सहजीकरण गरेका थिए।

साधारण सभामा संस्थाले हालसम्म जटिल रोगबाट थलिएका तीन सय ४८ जना बिरामीलाई स्वास्थ्य संस्थामा पुग्न र उपचारका लागि अक्षयकोषबाट ५३ लाख २५ हजार पाँच सय ३१ रुपैयाँ र अभियानबाट दुई करोड छ लाख २४ हजार सात सय २८ रुपैयाँ सहयोग गरेको प्रतिवेदन प्रस्तुत गरिएको थियो। पछिल्लो कार्यसमितिको दुई वर्षे कार्यकालमा कोषको ब्याजबाट ६९ जनालाई चार लाख ६८ हजार र अभियानबाट ६३ हजार एक सय ९५ रुपैयाँ सहयोग गरिएको छ। संस्थाको कोषमा एक करोड ३६ लाख ७६ हजार दुई सय ६९ रुपैयाँ बचत रहेको छ।

एक करोड ५० लाखको अक्षयकोष स्थापना गर्ने लक्ष्य राखेको संस्थाले कोषको ब्याजबाट विपन्न बिरामीको उपचारमा सघाउँदै आएको छ। कोषमा आठ सय ९१ जना आजीवन, दुई जना गोल्ड संरक्षक, दुई जना टाइटेनियम संरक्षक सदस्य, २९ जना डायमण्ड संरक्षक सदस्य र आठ जना संरक्षक सदस्य छन्। बोन म्यारो रोगबाट थलिएकी बेनी नगरपालिका-४ की ओमकुमारी पुन (शान्ति)को उपचारका क्रममा निधन भएपछि उनको उपचारका लागि दाताले दिएको खर्च हुन बाँकी रकमबाट वि.सं. २०७१ मा कोष स्थापना गरिएको थियो।

# वृद्ध हत्याका आरोपीलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग




**राहुल गुप्ता/मध्यान्ह**
बारा, ११ कात्तिक

नेपाली कांग्रेस बारा जिल्ला सचिव राजेश रौनियारले शनिबार राति हत्या गरिएका वृद्धका हत्यारालाई ततकाल पक्राउ गरी कारबाही गर्न माग गरेका छन्।

नेपाल विद्यार्थीसँग बाराले दिपावली तथा छठ पर्वको अवसरमा आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो माग गरे। महागढीमाई नगरपालिका -१ बस्ने ६० वर्षीय श्रीनारायण यादवको धारिलो हतियार प्रहार गरी विभत्स हत्या भएको थियो।

# दुर्गा भगवती गाउँपालिका-१ पिपरामा ग्यास सिलिण्डर वितरण



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ कात्तिक


रौतहटको दुर्गा भगवती गाउँपालिका वडा नम्बर १ मा आइतबार ग्यास सिलिण्डरसहितको चूल्हो सेट तथा खाद्यान सामग्री वितरण गरिएको छ।

गाउँपालिकालाई धुँवामुक्त बनाउने अभियान अन्तर्गत प्रत्येक घरपरिवारलाई ग्यास सिलिण्डरसहितको चूल्हो तथा बाढी पीडित परिवारलाई राहत सामग्री वितरण गरिएको हो। गाउँपालिका अध्यक्ष शम्भू सिंहले गाउँपालिका स्तरीय योजना अनुसार ग्यास सिलिण्डरसहितको चूल्हो सेट बितरण गरिएको जानकारी दिएका छन्। महिलाहरुलाई धुँवाबाट जोगाउने तथा कार्य बोझलाइ काम गर्ने उद्देश्यले धुँवामुक्त अभियान सञ्चालन गरिएको बताए।

निर्वाचनको बेला गरेको चुनावी प्रतिबद्धता अनुसारको यो अभियान सञ्चालन गरिएको उनले भने पहिला नै वितरण गर्नुपर्नेमा केही प्रविधिकरणले ढिलो भयो। गएको आसोज १२ गते आएको बाढीबाट प्रभावित भएका घर परिवारलाई पहिचान गरी राहत सामग्री उपलब्ध गराइएको बताए। अति प्रभावित भएका परिवारलाई छुट्टै राहत सामग्री रहेको भन्दै गाउँपालिका अध्यक्ष सिंहले सामान्य रुपमा प्रभावित भएका परिवारलाई पहिचान गरी चामल २५ किलो ,दाल २ किलो,नून २ किलो, स्वाबिन १ किलो, खाने तेल २ लिटर दिइएको बताए। वडाध्यक्ष प्रधुमन चौधरीले बाढीबाट प्रभावित भएका ६१५ जनालाई राहत सामग्री वितरण गरिएको जानकारी दिएका छन्। अति प्रभावित भएका परिवारलाई त्रिपालसहित खाद्यान्न सामग्री दिइने बताए।

# रानीवनबाट पेस्तोलसहित एक युवा पक्राउ

**काठमाडौं/मस-** पेस्तोल देखाएर स्थानीयलाई त्रसित बनाउँदै हिँड्ने एक युवा काठमाडौंको रानीवनबाट पक्राउ परेका छन्।



काठमाडौंको नागर्जुन नगरपालिका-१ नमूना टोलमा पेस्तोल देखाएर त्रसित बनाउँदै हिँडेको भन्ने सूचनाका आधारमा प्रहरीले दैलेखको भगवतीमाई गाउँपालिका-७ घर भई सोही स्थानमा बस्ने २५ वर्षका अनिल खड्कालाई प्रहरीले पक्राउ गरेको हो। प्रहरीले निजको कोठा खानतलासी गरी पेस्तोल र खाली स्यागजिन एक थान बरामद गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए। पक्राउ परेका खड्कामाथि प्रहरी बृत्त स्वयम्भूले अनुसन्धान गरिरहेको छ।

# ट्राफिक व्यवस्थापन सम्बन्धी अन्तरक्रिया

**अर्घाखाँची/मस-** ट्राफिक व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। यातायात व्यावसायी, सवारिचालक एवम् सर्वसाधारणलाई ट्राफिक नियमका साथै सडक दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले सन्धिखर्क नगरपालिका अर्घाखाँचीको आयोजनामा भएको कार्यक्रममा सहभागिहरुले सडक दुर्घटना हुनुको कारण सागुरा सडकका साथै मापदण्ड विपरित सवारी साधन सञ्चालन गर्नु मुख्य कारण रहेको बताएका थिए। सवारी साधनमा क्षमता भन्दा बढी यात्रु चढाउनुका साथै मनलाग्दी भाडा लिने गरेको बताउँदै यस विषयमा ट्राफिक प्रहरीले कडाइ गर्नु पर्ने सरोकारपाला को भनाइ रहेको थियो।

बजारका मुख्य चोकहरुमा ट्राफिक लाइटका साथै आकासे पुलको निर्माण गर्न सके दुर्घटनामा न्युनिकरण गर्न सहयोग पुग्ने सर्वसाधारणको भनाइ रहेको थियो।

सन्धिखर्कमा साघुँरो सडक र सडकका दायाँबाँया मापदण्ड विपरित खोलिएका ग्रामीण सडकका साथै ग्रामिण भेगमा चल्ले जीपमा क्षमता भन्दा बढी यात्रु राखेर सवारी सादन चलाउनुले पनि दुर्घटनाको जोखिम बढाएको छ।

सन्धिखर्क नगरपालिकामा बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले सन्धिखर्कमा यो कार्यक्रमको आयोजना गरेको बताए। उनले दुर्घटना भइसकेपछि पछुताउनु भन्दा पहिलेनै सचेत हुन सबैलाई आग्रह गरे। सहज र सुरक्षित यात्राको लागि मन्त्रालयले विभिन्न जिल्लमा पुगेर ट्राफिक प्रहरी संगको सहकार्यमा बिधिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको र यो कार्यलाई निरन्तरता दिने श्रेष्ठले बताए

जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख निरज गौतमले ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई कडा कारबाही गर्ने बताउँदै केही सवारी चालकले सवारी अनुमति बिना सवारी साधन चलाएको भन्ने जानकारी आएको उनले बताए।

ट्राफिक नियमको पालना गर्नु अरुको लागि नभएर आफ्नै लागि भएको बताउँदै यसमा सबै जिम्मेवार हुन उनले आग्रह गरे। तोकिए भन्दा बढी भाडा लिने सवारी सादनलाई आफुहरुलाई जानकारी गराउन आग्रह गर्दै नियम भन्दा बाहिर जान खोजने कसैसँग पनि आफुहरुले सम्झौता नगर्ने उनले बताए। छलफलमा नगरपालिकाका उपप्रमुख मिश्रा आचार्य, प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसाल, शाखा अधिकृत मन्जु खनाल, मुक्ति खनाल, पश्चिम नेपाल बस व्यवसायी प्रा.लिका कमल भट्टराई, लङका यातायातका अध्यक्ष कृष्णबहादुर भुसाल टेयाक्सी, व्यवसायी संघका अध्यक्ष महेन्द्र भुसाल लगायतको उपस्थिति रहेको थियो।

# नेपाल सम्वत् ११४५ को शुभारम्भमा नेपालगञ्जमा भिन्तुना ¬याली गरिने



**नेपालगञ्ज/मस-** नेपाल र नेपालीहरुको मौलिक सम्वत् नेपाल सम्वत् ११४५ यही शनिबार म्हः पूजा तथा गोवर्द्धन पूजाको दिन शुभारम्भ हुँदैछ। शुभारम्भको अवसरमा विगतमा झैं नेपालगञ्जमा शुभकामना अर्थात् भिन्तुना ¬यालीको आयोजना गरिँदैछ।

बाँके जिल्लामा बसोबास गर्ने नेवार समुदायको साझा तथा छाता संगठन नेवाः पुचः बाँकेका अध्यक्ष जितेन्द्र कुमार जोशीको अध्यक्षतामा शुक्रबार र शनिबार नेपालगञ्जमा सम्पन्न नेवार समुदायका संघ संस्था तथा गुठीहरुको बृहत् भेलाले नेपाल सम्वत्-११४५ शुभारम्भको अवसरमा नेपालगञ्जमा भिन्तुना ¬याली आयोजना गर्ने निर्णय गरेको हो।

भेलामा सहभागी नेवाः अगुवाहरुले नेपाल सम्वत् नेवार समुदायको मात्र नभएकोले सबै जातजातिका नेपालीहरुले अपनत्व लिने गरी सहभागिता गराउन आयोजकलाई सुझाव दिएका थिए। उनीहरुले नेवाः सहित अन्य जाति, भाषा र सम्प्रदायका अगुवाहरुलाई पनि भिन्तुना ¬यालीमा आमन्त्रण गरी सबैलाई नेपाल सम्वत्को महत्व दर्शाउनुपर्नेमा जोड दिएका थिए।

भेलामा बोल्दै नेवाः पुचःका पार्षद् एवम् वरिष्ठ पत्रकार पूर्णलाल चुकेले नेपाल सम्वत् नेपाल र नेपालीको मौलिक सम्वत् भएकोले सबैले यसको अपनत्व लिनु पर्ने बताए। उनले राष्ट्रिय विभूति शंखधर साख्वाःले देशभरका जनतालाई ऋणमुक्त पारेर चलाएको सम्वत् नै नेपाल सम्वत् हो भन्दै भक्तपुरका तत्कालीन राजा आनन्द देव (वि.सं.९३०) र ललितपुर र काठमाण्डौंमा राजा राघवदेवको शासनकालमा प्रचलनमा ल्याइएको नेपाल सम्वत् भक्तपुरका राजा राघव देवको पालादेखि चन्द्र शम्शेरको पालासम्म सरकारी कार्यालयमा समेत प्रचलनमा रहेको इतिहासमा उल्लेख भएको बताए।

सो अवसरमा नेवा पुचः का सल्लाहकारत्रय अशोक कर्माचार्य, लक्ष्मी श्रेष्ठ, ज्ञानेन्द्र श्रेष्ठ, नेवाः देय दवू बाँकेका अध्यक्ष बद्री प्रसाद श्रेष्ठ, कोहलपुर भीमसेन गुठीका अध्यक्ष सीता श्रेष्ठ, भृकुटी गुठीका अध्यक्ष विनोद कुमार श्रेष्ठ, नेवाः देय दवू नेपालगञ्ज नगर कमिटीका अध्यक्ष दिपेन्द्र कुमार जोशी, कारकाँदो गुठीका अध्यक्ष जीत बहादुर श्रेष्ठ लगायतले नेपाल सम्वत् भिन्तुना ¬याली नयाँ ढंगले भव्यताका साथ मनाउन सबैलाई समेट्न पर्ने धारणा राखेका थिए।

नेवाः पुचः बाँकेका अध्यक्ष जोशीको अध्यक्षतामा भएको भेलामा नेवाः सम्बद्ध पुचः, गुठी र खलका अध्यक्ष तथा पदाधिकारीहरुले भिन्तुना ¬यालीलाई भव्य बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए। भेलाले युवा व्यवसायी विष्णुप्रसाद श्रेष्ठको संयोजकत्वमा भिन्तुना ¬याली मूल आयोजक समिति गठन गरेको छ। सदस्यहरुमा नेवाः सम्बद्ध पुचः, गुठी र खलका अध्यक्ष तथा पदाधिकारीहरु रहेका छन्। त्यसैगरी नेवाः पुचः बाँकेका कोषाध्यक्ष विनय श्रेष्ठको संयोजकत्वमा आर्थिक उपसमिति गठन गरिएको छ।

नेवाः पुचः बाँकेका अध्यक्ष जोशीका अनुसार भिन्तुना ¬याली नेपालगञ्जको गणेशमान चोकबाट शुरु गरेर नगर परिक्रमा गर्दै राँझा विमानस्थलस्थित राँझा गुठी भीमसेन मन्रि परिसरमा पुगेर समापन गरिने छ।

सो उपलक्ष्यमा 'न्हू दँ या भिन्तुना' भन्दै नेपालभर र विदेशमा समेत 'भिन्तुना ¬याली' निकाल्ने गरिन्छ। नेपाल सम्वत् चन्द्रमासमा आधारित समय चक्र अथवा साल हो। विक्रम सम्वत्को कात्तिक शुक्ल पक्षका दिनमा नेपाल सम्वत्को प्रथम दिन पर्दछ। तिथिको हिसाबले नेपाल सम्वत् र 'म्ह पूजा' एकैदिन अर्थात् कात्तिक प्रतिपदाको दिन पर्दछ।

# गैडे सामुदायिक वनको १७औं साधारण सभा सम्पन्न

**सरु भुसाल/मध्यान्ह**
शितगङ्गा, ११ कात्तिक



अर्घाखाँचीको शितगङ्गा नगरपालिका वडा नम्बर ११ मा रहेको गैडे सामुदायिक वन उपभोक्ता समुहको १७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

संस्थाको परिसर कपिलवस्तु १ बिरपुरमा भएको कार्यक्रममा बोल्दै सामुदायिक वनका अध्यक्ष जुद्द बहादुर नेपालीले वातावरण मैत्री उद्यान, सिमसार संरक्षणसँगै वन संरक्षणमा जुटिरहेको जानकारी दिए। उनले गैडे सामुदायिक वनले नाङ्गा डाँडाहरुमा वृक्षरोपण, भू-क्षय न्यूनीकरण, वन अतिक्रमणको न्यूनीकरण, वन्यजन्तुको संरक्षण र जैविक विविधताको संरक्षण गर्दै आइरहेको जानकारी दिए।

अध्यक्ष नेपालीले आफ्नो कार्यकालमा गरिएका कामहरुका बारेमा उपभोक्ता समूहको साधारण सभामा जानकारी गराए।

गैडे सामुदायिक वन उपभोक्ता समूहका सचिव सीता बेल्वासेले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै वनबाट प्राप्त हुने वन पैदावारको न्यायोचित वितरण, वन स्रोतबाट प्राप्त भएको आम्दानीको समूहको कार्यक्षेत्रमा रहनुभएका उपभोक्ताको जीवनस्तरमा सुधार ल्याउन जीविकोपार्जनका कार्यक्रम सञ्चालन, वन संरक्षण र सम्र्बदनका लागि उपभोक्तासँग सहकार्य गर्दै विभिन्न कार्यक्रम गरिरहेको जानकारी दिइन्। उनले वन संरक्षण सम्वर्द्धन तथा वन विकास कार्यक्रमतर्फ १३ वटा, संस्थागत विकासतर्फ १२ वटा, गरिब विपन्न जीविकोपार्जन सुधार कार्यक्रमतर्फ ४ वटा, वन पैदावर सदुपयोगतर्फ ७ वटा र सामाजिक विकासका ६ वटा कार्यक्रम गर्न लागिएको जानकारी दिइन्।

आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै कोषाध्यक्ष हुमकला आचार्यले गतवर्ष १ करोड ३४ लाख बजेट साधारण सभामा पेस गरेकी थिइन्। साथै उनले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि १ करोड २७ लाख ६६ हजार ६ सय ८१ रुपैयाँ बराबरको प्रस्तावित बजेट पेश गरेकी थिइन्।

उनले हाम्रो वन सम्पूर्ण उपभोक्ताको धन भन्ने नारालाई आत्मसाथ गर्दै अगाडि बढेको बताइन्। आगामी दिनमा अझै उपभोक्तालाई सहज बनाउने र सहकार्य गर्दै अगाडि बढ्ने पनि उनको भनाई छ।

लेखा समितिको प्रतिवेदन लेखा तथा सुपरीवेक्षक संयोजक हुम बहादुर घर्तीले प्रस्तुत गरेका थिए। उनले समूहले आम्दानी र खर्चको विवरण पारदर्शी राखेको, वन संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको साथै समूह क्षेत्रभित्र सामाजिक र गरीबी निवारण, जीविकोपार्जनका काम गरेको बताइन्। साधारण सभामा प्रमुख अतिथि बुद्धभूमि नगरपालिकाका नगर प्रमुख केशव श्रेष्ठले वन जोगाउन गैडे सामुदायिक वनले खेलेको भूमिकाको प्रशंसा गर्दै सबैको सक्रियताले मात्रै त्यो सम्भव भएको बताए। २०४८ सालपछि सामुदायिक वनहरुको प्रयासमा हराभरा भएको उल्लेख गर्दै आगामी दिनमा पनि हरियो वन नेपालको धन भन्ने नारालाई सार्थक तुल्याउन सबैले भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको बताए।

कार्यक्रममा डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख मोहन प्रसाद श्रेष्ठले गाउँटोलको विकासका लागि सामुदायिक वनको भूमिका अहम् रहेको बताए। उनले सामुदायिक वनका माध्यमबाट संरक्षण कार्यक्रम, आर्थिक उपार्जन हुनुका साथै रोजगारी सृजना लगायत विकास निर्माण कार्यले समेत मुलुक समृद्धितर्फ अघि बढेको दाबी गरे।

कार्यक्रममा वरिष्ठ वन प्राविधिक डिफानका पूर्व अध्यक्ष दामोदर सर्माले सामुदायिक वन उपभोक्ता समूहले वनको संरक्षणसँगै विकास निर्माणका कामहरु गरी नमुनायोग्य काम गरेको र सरकार सञ्चालनमा सामुदायिक वनको भूमिका महत्वपूर्ण रहेको बताए। कार्यक्रममा डिभिजन वन कार्यालय दाङका प्रमुख ईश्वरीप्रसाद पौडेल, बुद्धभूमि नगरपालिका वडा नम्बर १ का अध्यक्ष तिलक बस्नेत, वैज्ञानिक वन व्यवस्थापन समितिका केन्द्रीय अध्यक्ष रेणु सेन, वनका पूर्वअध्यक्ष सुर्य प्रसाद भुसाल लगायतले शुभकामना मन्तव्य राखेका थिए। उनीहरुले सबैसँगको सहकार्यले नै वनलाई संरक्षण गर्न सकिने, पानीको मुहान बचाउन सकिने, जडिबुटी जनावर, चराचुरुङ्गीको संरक्षणमा पनि विशेष मद्दत पुग्ने बताउँदै आगामी दिनमा पनि यसरी नै अगाडी बढ्न आग्रह गरेका थिए।


## कर्मचारीको आवश्यकता

यस कम्पनीको लागि निम्मानुसारका कर्मचारी आवश्यक भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

| | | |
|---|---|---|
| Receptionist | - | 2 (Female) |
| Documentation | - | 2 (Male/Female) |
| PRO | - | 2 (Male/Female) |

Note:
English & Computer अनिवार्य । अनुभवीलाई प्राथमिकता दिइनेछ।
CV तलको Email ID मा पठाउनु होला
info@thrnepal.com, thrnepal22@gmail.com
तलब : आपसि समझदारीमा तय हुनेछ।

श्रम इजाजत नं. १६०७/०७९/०८०
True Human Resource Pvt. Ltd.
Tel: 015811977, 5911978
Shambhu Marg, Kathmandu, Manpower Bazar, Near Airport Gate.



## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **वाईज ईन्टरनेशनल नेपाल प्रा.लि. (८३७/०६६/०६७)** मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०८१/०७/११ गते देखि यस कार्यालयबाट हटाईएको सम्वन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिहरुसंग यस प्रा.लि. को नाममा बैदेशिक रोजगार सम्बन्धित कुनै पनि कार्य नगर्न/नगराउनु हुन सम्वन्धित सबैको सार्वजनिक सूचनाद्वारा सम्वन्धित सबैमा जानकारी गराइन्छ र यदि कसैले यो सूचना प्रकाशित भएपछि पनि कुनै कार्य गरे गराएमा यस प्रा.लि.को जिम्मेवारी नहूने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| क्र. स. | नाम | पद | ठेगाना | नागरिकता नं. | कार्यालय |
|---|---|---|---|---|---|
| १ | धिराज रेग्मी | जनसम्पर्क अधिकारी | शुक्ला गण्डकी-१४, तनहू | ४३१०३९/७४७ | काठमाण्डौ |

वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.
श्रम इजाजत न. ८३७/०६६/०६७ टोखा-७, काठमाण्डौ, फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७

मध्यान्ह
www.madhyanhadaily.com
१२ कात्तिक २०८१, सोमबार
28 October 2024, Monday

## सम्पादकीय

# अराजकताको डर

सिंहदरबार नजिकै रहेको माइतीघर मण्डलामा सहकारी पीडितहरूले प्रदर्शन गरिरहेका छन् । सहकारी पीडित बचतकर्ता महासंघको आयोजनामा उनीहरूले प्रदर्शन गरिरहेका हुन् । प्रदर्शनकारीले यसअघि सरकारबाट भएका सम्झौताहरू कार्यान्वयन हुनुपर्ने माग राखेका छन् । माइतीघर मण्डलामै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूको पनि प्रदर्शन चलिरहेको छ । केही दिन पोखरामा प्रदर्शन गरेका रास्वपाका नेताहरू अहिले राजधानी फर्केर माइतीघर मण्डलामा प्रदर्शन थालेका छन् । रास्वपाका कार्यकर्ताले पनि सहकारी पीडितलाई न्याय दिनुपर्ने प्लाकार्ड बोकिरहेका छन् । तर रास्वपा कार्यकर्ताले सहकारी पीडितलाई न्याय दिनुपर्ने प्लाकार्ड बोके पनि अन्तर्य भने आफ्ना पार्टी रवि लामिछानेलाई हिरासतबाट छुटाउनु हो । गत २ कात्तिकमा सहकारी बचत रकम अपचलनको आरोपमा पक्राउ परेका रविलाई पोखरा लगिएपछि रास्वपाका कार्यकर्ताहरू पनि त्यही गएका थिए । तर तिहार अघि रवि नछुट्ने पक्का भएपछि उनीहरू राजधानी फर्किएर प्रदर्शन थालेका हुन् ।

रास्वपाले अदालतको निर्णयलाई प्रभावित बनाउनेगरी प्रदर्शन गरिरहेपछि वास्तविक सहकारी पीडितहरूले पनि प्रदर्शन थालेका हुन् । यदि रविको पक्षमा प्रदर्शन हुन्थेन भने उनीहरूले यो समयमा सडक प्रदर्शन नगर्न सक्थे । तर ठगी आरोपमा परेका रविकै पक्षमा सडक प्रदर्शन हुन थालेपछि पीडितहरूले चुप लागेर बस्न नसकेको बुझ्न गाह्रो पर्दैन । अर्थात् माइतीघर मण्डलामा अहिले एकप्रकारले धेरैले नहोस् भनेको प्रदर्शन भइरहेको छ । किनकि नेपाली राजनीतिमा रास्वपालाई वैकल्पिक शक्तिमा रूपमा हेरिएको थियो । टेलिभिजन प्रस्तोताको जागिर छोडेर पार्टी घोषणा गरेको पाँच महिना नपुग्दै २० सिट (उपचुनावपछि २१ सिट) सहित प्रतिनिधि सभाको चौथो शक्ति बन्न सक्नुको अर्थ रास्वपाप्रति नागरिकको आशाा थियो । पुराना राजनीतिक शक्तिहरूले गल्ती नसच्याएपछि रास्वपालाई विकल्पका रूपमा मतदाताले हेरेको बुझ्न गाह्रो पर्दैन ।

तर विकल्पका रूपमा हेरिएको रास्वपाले अहिले जे गरिरहेको छ, त्यसले आमनागरिकमा रहेको नयाँ शक्तिप्रतिको विश्वासमै घात भइरहेको छ । पार्टी सभापतिका निम्ति विधिको शासन र न्यायिक प्रणालीकै ध्वज्जी उडाउनेगरी प्रदर्शन गर्दा सहकारी पीडितका निम्ति रास्वपा लड्छ भन्ने विश्वास कमजोर भइरहेको छ । तर अहिलेसम्म पनि रास्वपामा व्यक्ति, संस्था र जनतामा रहेको विश्वासलाई चिन्ने सामर्थ्य देखिदैन । रास्वपाकै अपिल बमोजिम प्रदर्शन बढ्ने हो अराजकताको शासन स्थापित हुनेछ । सर्वसाधरण नागरिकको पक्षमा कोही नरहेको बुझाइले देश छोड्ने प्रवृत्तिमा परिवर्तन आउने छैन । नागरिकमा निराशा बढेर जाने, विधिको शासनप्रति विश्वास कमजोर बनाउने र न्याय सम्पादनमै बितृष्णा जगाउने कार्यलाई प्रोत्साहन गर्ने हो भने समाजको थिति भत्किएर जानेछ । तसर्थ अहिले रास्वपाले चलाइरहेको प्रदर्शनलाई हेलचेक्र्याइ गरिनु हुन्न । गम्भीर भएर निर्णयप्रति पुनर्विचार गर्न आवश्यक छ ।

# आँसुमाथि राजनीति हुनुहुन्न

*चाहे रवि लामिछाने हुन् वा छवि जोशी वा अरू कोही, कुनै आग्रह, पूर्वाग्रह राखेर छानबिन गरिनुहुन्न । रविको समूहमा नपरेकै आधारमा अर्को दोषीलाई उन्मुक्ति दिने कुरा कदापि स्वीकार्य हुँदैन ।*

अग्रलेख



● खिमराज गिरी

हाल देशमा उठेका विभिन्न आवाजहरूमा मुख्य आवाज भनेको सहकारी पीडितको हो । सहकारी अपचलनका थुप्रै घटना भइसकेपछि संसदीय छानबिन समिति बनेर सोमाथि अहिले छानबिन चलिरहेको छ । जसमा पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसमेत तानिएका छन् । गोर्खा मिडिया नेटवर्क प्रा.ली.मा प्रबन्ध निर्देशक हुँदा विभिन्न सहकारीबाट रकम भित्र्याएको आरोपमा उनीमाथि छानबिन चलिरहेको छ । पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनसम्बन्धमा उनी कास्की जिल्ला अदालतको आदेशअनुसार छानबिनको लागि प्रहरी हिरासतमा छन् । उनीमाथि न्यायिक निकायबाट छानबिन चल्दै गर्दा उनी आबद्ध रास्वपा भने विरोधमा उत्रिएको छ । रास्वपाले आफ्ना सभापतिमाथि राजनीतिक प्रतिशोध साँधेर मुद्दा लगाइएको आरोप लगाएको छ । यद्यपि, रास्वपा सडकमा उत्रिँदै गर्दा सहकारी पीडितहरूको रोदनलाई भने व्यवस्था गर्न मिल्दैन । सानो-सानो रकम जम्मा गरेका हजारौं पीडितहरूको अवस्थामाथि नजरअन्दाज गर्न सकिन्न ।

रवि लामिछाने राजनीतिक पृष्ठभूमिका व्यक्ति हुन् । उनी गृहमन्त्रीको पदमा समेत पुगे । तर, सहकारी अपचलनमा उनी मात्रै होइन, अन्य थुप्रै पनि छानबिनमा तानिएका छन् । अहिले कति छानबिनको न्यायिक प्रक्रियामा तानिएका छन् त कति छानबिनको दायरा बाहिरै छन् । यसरी सहकारी रकम हिनामिना गर्नेमा कुनै पनि दलका केही न कोही नेता तथा कार्यकर्ता मुछिएकै पाइन्छ । यसको मतलब जनताको शंका छ कि, कतै यसमा स्वयम् जिम्मेवार नेतासमेत मुछिएका त छैनन् ? जे होस् आज देशभरका प्रायः सहकारी सञ्चालकहरूले कुनै न कुनै रूपबाट सहकारीको रकम हिनामिना गरेको भनेर पीडितहरू उक्त कार्यालयमा दैनिक धाउनेको भिड देख्न पाइन्छ ।

यसरी देशका करिब तीन हजार सहकारीमा गरिब जनताले दुःख गरेर कमाएको बचत रकमको हिनामिना गरी सर्वसाधारण जनताको भविष्यलाई अन्धकारमा राख्नाले आज उनीहरूको आँसुले सिरानी भिजेको अवस्था छ । यसको लागि सरकारले रवी लामिछानेलाई मात्र दोषी नदेखी विभिन्न पत्रपत्रिका तथा मिडियामा सहकारीको रकम अपचलन गरेको आरोप लागेका व्यक्तिहरूलाई पनि अनुसन्धानको दायरामा तुरुन्त ल्याउनुपर्दछ । हाल लामिछानेलाई मात्र कारबाहीको दायरामा ल्याउने अन्य व्यक्तिहरूलाई त्यति वास्ता नगरिएको भनेर सर्वसाधारण व्यक्तिहरूको पोखरालगायतका विभिन्न ठाउँहरूमा सरकार विरुद्धको नारा लगाइएको विविध कारणमध्ये मुख्य कारण यो पनि हो ।

पोखरामा सूर्य दर्शन सहकारीमा दैनिक चटपट बेचेर रकम बचत गर्ने एक वृद्ध महिला सुशना केसीको कथा पनि कम कारुणिक छैन । उनको गुनासो थियो कि, सहकारी ठगी गर्नेले झन प्रोत्साहन पाइराखेका छन् । त्यस्तै, सरकारले कानुनको दायरामा ल्याउन खोजेका केही व्यक्तिहरूमाथि अनुसन्धान सुरु गर्दा उल्टो केही कार्यकर्ताले आफ्ना दलका नेतालाई नै संरक्षण गरेको भन्ने आरोप पनि लगाइएको छ । तथापि कुनै पनि व्यक्तिलाई अनुसन्धानको दायरामा सोधपुछको लागि राज्यको तर्फबाट बोलावट हुँदैमा डराउनुपर्ने अवस्था छैन र कुनै पनि व्यक्तिलाई दोषी करार गरेको अवस्था पनि रहँदैन । न्याय निरूपणको लागि अदालत छँदै छ । त्यसरी नै आज त्यस्ता सुशासन जस्ता यो देशमा धेरै सहकारी पीडित पात्रहरू छन् जो जीवनको गोरेटोमा आँधी र तुफानको साथमा लडिरहेका छन् । जसको लागि सरकार तथा अहिले आन्दोलनमा होमिएका जति पनि युवा तथा सामाजिक अभियन्ताहरू छन् । उनीहरूले निष्पक्षरूपमा आफ्ना अर्का नभनी सरकारले सबैलाई कारबाहीको दायरामा ल्याउनु पर्दछ भनेर दबाबमूलक कार्यक्रम ल्याएको भए सबैको नजरमा औचित्य पनि रहन्थ्यो न कि कुनै खास नेता तथा कार्यकर्ताको मात्र बचाउ गर्‍यो भनेर जतातत्तै विरोधका आवाजहरू पनि घन्कियोस् ।

त्यसैले अहिले सहकारी मात्र नभई त्यस्ता हरेक क्षेत्रमा राज्यद्वारा उपेक्षा गरिएका र अन्य विचौलियाहरूद्वारा पीडित व्यक्तिहरूको पहिचान गरी सरकारी तवरबाट तुरुन्त न्याय दिलाउने काम तर्फ अग्रसरता देखाइएन भने आगामी दिनमा सरकारको लागिसमेत यो ठुलो चुनौतीको विषय बन्ने छ । अन्य देशमा भने कहिँ केही घटना हुनासाथ एउटा समिति गठन गरिहाल्ने प्रवृत्ति छ र त्यसको छानबिन भइहाल्छ तर, नेपालमा भने दूर दराजमा रहेका बस्तीका मानिसहरूका पीडा र विविध कारणले घरायसी समस्या तथा पारिवारिक बोझ सहन नसकी बाध्यताबस् बिरक्तिएका ती मनहरूका कथाब्यथा पहिचान गरी समस्या समाधान गर्नको लागि राज्य तथा सम्बन्धित निकायले किन मौनता साँधिरहेको छ ? राज्यमा केही घटना घट्यो भने छानबिनको लागि कुनै आयोग गठन गर्ने संयन्त्रमा बस्न तँछाडमछाड हुने विज्ञको ध्यान यतातिर किन जाँदैन ?




आज यस सहकारी लुट धन्दा सम्बन्धको मौनताबारे धेरै प्रश्न चिन्हहरू खडा भएका छन् ता कि ती दुरदराजका सुशनाहरूको आँसु राज्यका स्वयं जिम्मेवार व्यक्तिहरूले नदेखेपछि अरू झन् कसले देख्ने ? ती जनताको पीडा बोधमा राज्यको मौनता किन र कहिलेसम्म ? हाल नेपालमा करिब २० प्रतिशत जनता गरिबीको रेखा मुनी रहेको एक तथ्यांकले बताएको छ भने कूल जनसंख्याको करिब ५८ लाख मानिसहरू अझै पनि मानवको लागि नभई नहुने निम्नतम आधारभूत आवश्यकताबाट वञ्चित हुनुपर्ने अवस्था आइपरेको छ । यसको सम्पूर्ण कारक तत्व भनेको विगत लामो समयदेखि सरकारको नेतृत्व लिनेहरूको नै हो । यसर्थ, हालका दिनहरूमा पनि व्यवस्था परिवर्तन भए पनि केही बाहेक प्रायः जनताको अवस्था परिवर्तन भएको देखिँदैन । यसबारेमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिले गम्भीर तरिकाले सोच्ने बेला आएको छ ।

हुन त धनी देशमा पनि गरिबीपन नदेखिएको होइन तथापि पञ्चायती कालमा शोषण र दमनमा परेर नै जनताको आर्थिक स्तर उकास्न सजिलो नभएको तर्क गर्ने राष्ट्रवादी भनिने जानकारहरूले आजका दिनमा प्रजातन्त्र र गणतन्त्र आएपश्चात् सार्वजनिक लाभको पदमा बस्नेहरू चाहे ती राजनीतिक नेता वा प्रशासनिक कर्मचारीहरू किन नहुन् ती सबैको सम्पत्ति छानबिन

> *सहकारी गरिब दुःखीहरूले सुकी-सुकी जम्मा गर्ने ठाउँ हो । जसको दुरूपयोग हुनु सबैभन्दा दुःखको कुरा हो । जुन प्रत्यक्षरूपमा ती गरिब दुःखीहरू जोडिएका हुन्छन् । तर, दुःखीहरूको आँसुमाथि न्याय दिन कन्जुस्याइँ भइरहेको छ । राज्य नेतृत्वकर्ता नै वास्तविक पीडकलाई दायरामा ल्याएर पीडितलाई न्याय दिन चुकिरहेको आभास आमले गरेका छन् ।*

गर्नको लागि एक निष्पक्ष आयोग गठन गर्नु जरुरी देखिन्छ । यो र उ अथवा यसको र उसको नभनीकन अवैध रूपमा भ्रष्टाचारमा लिप्त भएर कमाएको सम्पत्तिको छानबिन गर्नुपर्ने जरुरी देखिएको छ । यसको लागि सारा जनताले सरकारलाई शालीन तरिकाले झकझक्याउने समय आएको छ न कि मेरा नेता तथा कार्यकर्तालाई सोधपुछ किन भनेर विरोधको शैली होइन । यसर्थ, जनताले कुनै पनि अमुक व्यक्तिलाई जोगाउनकै लागि अनाहकमा नाराबाजी लगाउनाले के सहकारी पीडितले वास्तविक न्याय पाउलान् त ?

अर्कोतर्फ, सरकारले पनि दुर्गन्धित सिनोलाई डोकोले छोप्दैमा गन्ध र त्यसको दृश्य देखिँदैन भन्ठान्दा उचित होला र ? यसको लागि सरकारले मेरो तथा दलको मान्छे नभनी भ्रष्टाचारी तथा यस्ता सहकारीलगायतका विविध आर्थिक क्षेत्रमा गरिबको बचत रकम अपचलन गर्ने जो कोही पनि व्यक्तिहरूलाई तुरुन्तै कानुनको दायरामा ल्याएर पीडितलाई न्याय दिलाउन ढिला गर्नु हुँदैन तर, राजनीतिक प्रतिशोधले कसैलाई पनि अन्यायमा पार्नु पनि हुँदैन । किनकि कानुनले भन्छ कि, सयौं दोषी छुटुन् तर एक निर्दोष व्यक्ति अन्यायमा नपरोस् । अन्यथा यही भेल बाढीमा पुनः केही अन्य दलले सरकार गिराउनको लागि विद्युत् कार्ड पनि भविष्यमा नफाली रहन सक्लान् र ? यसतर्फ सबै सचेत नागरिकले सोच्ने बेला आएको छ र सबै सहकारी पीडितहरूले न्याय पाउनै पर्दछ । राज्यले यसमा चासो देखाउनै पर्दछ ।

## सामाजिक सञ्जाल



- सरोज पोखरेल

दुई जना अनुभवी वकिल, आधा दर्जन सशस्त्र प्रहरी, एउटा गतिलो क्यामरा र दुई/चार जना इमानदार राष्ट्र सेवक कर्मचारी लिएर ६ महिना आशिका तामाङले जस्तो सशक्त बजार अनुगमन गर्ने हो भने सबै ठग व्यापारी र कालो बजारी हरू ठेगान लाग्छन् ! तर, के गर्नु ? भुसहरूको दिमागले काम गर्नुपर्‍यो नि !



- शरदराज पाठक

कुनै समय थियो, नेताको गोजीबाट दर्शनका पुस्तक निस्कन्थे । बहस, बिमर्श र शास्त्रार्थ हुन्थ्यो । समयसँगै राजनीति पनि राम्रै बदलियो । आजकल नेतालाई पार्टी अधिवेशन र आम चुनावमा आफू र आफ्नो गुटलाई जसरी पनि जिताउनु छ । त्यसैले अचेल नेताको गोजीबाट मात्र पैसा निस्कन्छ, कार्यकर्ताकोबाट खुकुरी !



- दिपेन्द्र डिसी

वर्षौंदेखि नचलेर बन्द भएका, प्रविधि र प्रतिस्पर्धामा टिक्न नसकेका र राज्यलाई ठुलो आर्थिक भार भएका उद्योगहरूको उचित व्यवस्थापन नगरी हुँदैन । राजनीतिक स्वार्थ र नियुक्ति अनि स्रोत दोहनका लागि भाषण गर्नेका पछि नलागी विश्वव्यापी चलनअनुसार पारदर्शी रूपमा जति सक्दो चाँडो निजीकरण गरियो राज्यलाई त्यति नै फाइदा । फेरि पनि भन्छु सरकारले उद्योग चलाउने होइन, उचित वातावरण सिर्जना गर्ने हो ।



- पुरूषोत्तम ढुङ्गेल

राजनीति हो सबै कुराहरू साँचो हुन पनि सक्छ नहुन पनि सक्छ । तर, पनि राजनीति सोझो रेखा जस्तो चाहिँ हुँदै होइन । हिजो पनि भ्रष्ट, हत्यारा, ठग समातिएकै हुन् । जेलको हावा खाएकै हुन् । यिनीहरूले कानुन, अदालत मान्दिन भनेनन् । आज जुन शक्ति प्रदर्शन देखाइरहेका छन् । कानुनको अगाडि यो भीडले कुनै न्याय दिन सक्दैन ।

# मानव विचार र एआई

विचार



● डा. परशुराम दाहाल

कृत्रिम बुद्धिमत्ता (एआई) भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ । उदाहरणका लागि, फोनमा 'सिरी' वा 'गुगल असिस्टेन्ट' लाई प्रश्न गर्दा तुरुन्तै सही उत्तर दिन्छ, जसले समय बचाउँछ र काम सरल बनाउँछ । एआई प्रणालीहरूले तस्बिरहरू पनि चिन्न सक्छन्, जस्तै गुगल फोटोजले फोटोमा भएका साथीहरूलाई पहिचान गर्न सक्छ । स्वचालित गाडीहरू बिना ड्राइभर आफैं बाटो फेला पारेर सुरक्षितरूपमा चल्न सक्छन् ।

त्यस्तै, नेटफ्लिक्सले हाम्रा हेर्ने बानीअनुसार फिल्म र शोहरू सिफारिस गर्छ, जसले हाम्रो मनोरञ्जन अनुभवलाई अझ रमाइलो बनाउँछ । एआईमार्फत अनलाइन पसलहरूले पनि तपाईंले खोजेका वा मन पराएका सामानहरू सुझाव गर्छन्, जस्तै अमेजनले नयाँ सामान सिफारिस गर्छ । बैंकिङमा एआईले ठगी पत्ता लगाउन मद्दत गर्छ र ग्राहकका प्रश्नहरू तुरुन्तै समाधान गर्न च्याटबोटहरू प्रयोग गरिन्छ । यस्ता सुविधाहरूले हाम्रो जीवनलाई सहज बनाउँछन्, तर यसको सही र सुरक्षित प्रयोगमा ध्यान दिन जरुरी छ ।

एआई र मानिसबीचको तुलना गर्दा दुवैको सिकाइमा केही समानता भए पनि गहिरो भिन्नता छन् । मानिसले आफ्ना अनुभव, भावना, र सामाजिक अन्तरक्रियाबाट ज्ञान आर्जन गर्छ । जबकि एआई जस्ता प्रणालीहरूले गणितीय मोडेल र डाटाको आधारमा सिक्छन् । उदाहरणका लागि, बच्चाले बारम्बार अभ्यास गरेर हिँड्न सिक्छ र त्यो प्रयास उसको अनुभवको हिस्सामा रहन्छ । तर, एआईले उपलब्ध डाटाको विश्लेषण गरेर मात्र त्यसको पहिचान गर्छ र त्यसैको आधारमा उत्तर तयार गर्छ । च्याट जिपिटी जस्ता ठूला भाषा मोडेलहरूले पुस्तक, लेख र वेबसाइटहरूमा आधारित सामग्रीबाट ज्ञान सिक्छन् ।

मानिस र एआई दुबै पृष्ठपोषण (फिडब्याक) र अनुकूलनको माध्यमबाट सिक्दै जान्छन् । विद्यार्थीले शिक्षकबाट पाएको फिडब्याकअनुसार गल्तीहरू सुधार गरेर अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छ । फुटबल खेलाडीले खेलका क्रममा गल्ती गरेपछि कोचको निर्देशनअनुसार आफ्नो खेल सुधार्छ । यस्तै, एआईले पनि प्रयोगकर्ताबाट प्राप्त फिडब्याकको आधारमा आफ्ना जवाफहरू सुधार्छ र नयाँ चुनौतीहरू सामना गर्न अनुकूल हुन्छ । उदाहरणका लागि, च्याट जिपिटीलाई गलत उत्तर दिएर सच्याउँदा, त्यसले फाइन-ट्यूनिङमार्फत आगामी संवादमा ठीक जवाफ दिन प्रयास गर्छ ।

तर, एआई र मानिसबीचको महत्वपूर्ण भिन्नता भनेको भावनात्मक बुझाइको अभाव हो । मानिसहरूले दुःखद् अनुभव र संवेदनशील घटनाबाट शिक्षा लिन्छन् । उदाहरणका लागि, बच्चाले तातो स्टोभ छोएर हात जलाउँछ भने ऊ त्यसबाट सिक्छ र भविष्यमा त्यस्तो गल्ती नगर्न सचेत हुन्छ । बजारमा महँगोमा सामान किनेर घाटा व्यहोरेपछि व्यक्ति सौदाबाजी (बार्गेनिङ) गर्ने कला सिक्छ र अर्को पटक सस्तोमा किन्न प्रयास गर्छ तर एआईले यस्तो भावनात्मक वा सामाजिक सन्दर्भहरू बुझ्न सक्दैन ।

हालको प्रविधिमा एआईलाई मानिस सरह भावनात्मक बुझाइ दिन निकै जटिल चुनौती हो । मानिसको भावना र बुझाइ अनुभव, जैविक प्रक्रिया, र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जुन अहिलेको एआई मा छैन । यद्यपि, वैज्ञानिकहरू र इन्जिनियरहरू 'आर्टिफिसिएल इमोशनल इन्टिलिजेन्स' मा काम गरिरहेका छन्, जसले एआईलाई भावनाहरू अनुकरण गर्न र सामाजिक सन्दर्भहरू बुझ्न सक्षम बनाउन खोज्दैछ । तर, पूर्ण रूपमा मानिसको जस्तै सचेतना र भावना विकास गर्नु गाह्रो छ, किनकी मानिसको भावना केवल तथ्य र नियमहरूमा आधारित हुँदैन, बरु स्मृति, अनुभव, र समाजसँगको अन्तरक्रियाको परिणाम हो ।

एआईमा कुनै सचेत अनुभव वा आत्मचेतना हुँदैन, किनकी यसको निर्णयहरू पूर्ण रूपमा तथ्य र गणनामा आधारित हुन्छन् । उदाहरणका लागि, जब मानिस दुःखी हुन्छ, उसको व्यवहारमा परिवर्तन आउँछ र त्यो परिवर्तन अनुभव र सन्दर्भसँग गहिरोरूपमा सम्बन्धित हुन्छ । तर, एआईले केवल डाटामा आधारित अनुमान गरेर प्रतिक्रिया दिन्छ, जसमा वास्तविक भावना हुँदैन ।

मानिस सरह भावनात्मक बुझाइ विकास गर्न एआईलाई सचेतना दिनुपर्नेछ, जुन अहिलेसम्म सम्भव छैन । मानिसको भावना केवल व्यक्तिगत अनुभवमा आधारित हुँदैन, बरु स्मृतिहरू र समयक्रममा भएका सामाजिक अन्तरक्रियाहरूले पनि आकार दिन्छ । यसैकारण एआईलाई पूर्ण रूपमा मानिससरह बनाउनु चुनौतीपूर्ण मात्र होइन, सम्भवतः असम्भव पनि हुन सक्छ । अन्ततः एआई र मानिसबीचको यो भिन्नता सदैव रहन सक्छ । यद्यपि, एआई लाई पूरकका रूपमा प्रयोग गरेर मानिसको अनुभवलाई अझ प्रभावकारी बनाउन सकिन्छ । उदाहरणका लागि, एआईले मानसिक स्वास्थ्यसम्बन्धी समर्थन दिन वा मानिसको भावनात्मक अवस्थालाई बुझेर उपयुक्त सहायता दिन प्रयास गर्नसक्छ । तर, स्मृति र संवेदनाहरूको वास्तविक अनुभव बिना एआई कहिल्यै पनि मानिससरह पूर्ण रूपमा सोच्न र महसुस गर्न सक्षम हुने छैन ।

एआईको निर्णय प्रक्रियामा पनि सीमाहरू छन् । मानिसले निर्णय गर्दा वर्तमान सन्दर्भ, भावनात्मक अवस्था, र विगतको अनुभवलाई ध्यानमा राख्छ । उदाहरणका लागि, चालकले घुमाउरो सडक देखेपछि गाडीको गति घटाउँछ र सावधानी अपनाउँछ । यस्तै, विद्यार्थीले पछिल्लो परीक्षामा फेल भएपछि आफ्नो अध्ययन पद्धति परिवर्तन गरेर अर्को पटक राम्रो नतिजा ल्याउन प्रयास गर्छ । तर, एआई मोडेलहरूले डाटाको विश्लेषण र गणनामा मात्र भर पर्छन् र संवेदनशील सन्दर्भलाई विचार गर्दैनन् ।

निष्कर्षमा, एआई र मानवको सिकाइमा समानता भए पनि, तिनका आधार र प्रक्रिया एकदमै फरक छन् । मानिसको सिकाइ अनुभव, भावना र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जबकि एआईले केवल तथ्य र गणितीय मोडेलहरू प्रयोग गरेर सिक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ । अन्ततः, यस सहकार्यले सम्भावनाहरूको नयाँ ढोका खोल्दै समाजलाई दिगो प्रगतितर्फ अगाडि बढाउनेछ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | नयाँ साथी बन्ने योग छ । आर्थिक नोक्सानको योग छ । |
| वृष : | विदेश यात्राको योग छ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| मिथुन : | वाहन चलाउँदा सावधानी राख्न जरुरी छ । खर्चमाथि ध्यान दिनु होला । |
| कर्कट : | आफन्तहरूसित भेटघाट हुनेछ । सन्तुलित आहार लिनु होला । |
| सिंह : | धैर्य र आत्मविश्वास बढ्नेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कन्या : | यात्रा सफल हुनेछ । कुनै काममा हतार गर्नु हुँदैन । |
| तुला : | नकारात्मक कुराहरू अशान्ति पैदा गर्छ । श्री शिव चालिसाको पाठ गर्न राम्रो हुन्छ । |
| वृश्चिक : | आफ्नो शक्ति र क्षमतालाई बिर्सिनु हुँदैन । काममा सावधानी गर्नुहोला । |
| धनु : | शुभ समाचार प्राप्त हुनेछ । नयाँ कार्यहरूमा सावधानी राख्नुपर्छ । |
| मकर : | धर्म पालनामा रुचि देखिन्छ । आय बढ्ने योग छ । |
| कुम्भ : | दैनिक कार्यमा विशेष सावधानी राख्नुपर्छ । शत्रु सक्रिय रहनेछ । |
| मीन : | दाम्पत्य जीवन सुखमय रहनेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बार अध्यक्षद्वारा लिखित जवाफ पेस : 'अदालतको अवहेलना गर्ने मनसाय थिएन'




**काठमाडौं/मस-** नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले आफूविरुद्ध दर्ता भएको अदालतको अवहेलना मुद्दामा लिखित जवाफ पेस गर्दै आफ्नो अभिव्यक्तिबाट अदालतको अवहेलना गर्ने मनसाय नभएको बताएका छन् ।

न्यायाधीशद्वय कुमार रेग्मी र डा.कुमार चुडालको संयुक्त इजलासल यही कात्तिक १ गते अध्यक्ष घिमिरेविरुद्ध दर्ता भएको अदालतको अवहेलनासम्बन्धी मुद्दामा सूचना पाएको मितिले सात दिनभित्र आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्न आदेश गरेको थियो । नेपाल बार एसोशिएसनका अध्यक्ष घिमिरेविरुद्ध सर्वोच्च अदालतका उपरजिस्ट्रार तथा सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले अदालतको अवहेलनासम्बन्धी प्रतिवेदन पेस गरेका थिए । उक्त प्रतिवेदनमाथिको सुनुवाइपछि अदालतले कारण देखाऊ आदेश गर्दै लिखित जवाफ माग गरेको थियो ।

'बारका अध्यक्षले अदालतको जनआस्था अभिवृद्धिमा र स्वतन्त्र न्यायपालिकाको रक्षार्थ रक्षाकवचकै रूपमा अग्रपङ्क्तिमा रही सदा कार्य गर्दै आएको अवस्थामा अदालतको अवहेलना गर्ने कार्य गरेको भन्ने परिकल्पनासम्म पनि गर्न सकिदैंन', लिखित जवाफमा भनिएको छ, 'न्याय परिषद्‌बाट हुने निर्णयले संविधानको भावना र आत्मा नमरोस् र न्यायिक जवाफदेहिताको सिद्धान्तलाई शिरोपर गरोस् भन्ने मेरो अभिप्राय हो, मेरो अभिव्यक्तिलाई गलत अर्थ नलगाइयोस् भन्ने मेरो आग्रह छ ।'

# दलित अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरिँदै




**काठमाडौं/मस-** दलित अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरिने भएको छ।

दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ नेपाल, राष्ट्रिय दलित आयोग एवं माइन्युरिटी राईटस ग्रुप इन्टरेनशनलको समन्वय एवं सहकार्यमा तथ्यांक संकलन गर्न लागिएको हो ।

७ वटै प्रदेशको २१ वटा जिल्लामा तथ्यांक संकलन गर्न लागिएको हो। तथ्यांक संकलनका लागि काठमाडौंमा दुई दिने तालिम समेत शुरु भएको छ । राष्ट्रिय स्तरको अध्ययन तालिममा देशका ७ प्रदेशका तीन जिल्लाका एक/एक गरी २१ जना सहभागिले भाग लिएका छन् ।

एकातिर दलित समुदायिहरु उत्पीडनमा पर्दै आएका छन् भने दलितभित्र पनि अपाङ्गता भएका दलित नागरिकको अवस्था झनै दयनिय रहेको छ ।

उनीहरुको अवस्था पत्ता लगाउने, कहाँ कुन अवस्थामा छन्, के गरिरहेका छन्, आफ्नै अधिकारबारे कति सजग छन्, सचेत छन्, उनीहरुको संख्या कति छ, उनीहरुको कस्तो जीवन बाँचिरहेका छन् भन्ने विषयको खोज गर्ने विधि एवम् उनीहरुको पक्षमा पैरवीका लागि तालिम केन्द्रित हुने आयोजकले जनाएको छ ।

तालिममा अपाङ्ता भएका दलित नागरिकको पहिचान, पहुँच र प्रतिनिधित्वको सवालमा उनीहरुसम्म कसरी पुग्ने, उनीहरुसँग कसरी संवाद गर्ने, संवादको विधि, प्रश्नका प्रकृतिसहित उनीहरुको अनुभव, विचार र समग्र अवस्थाबारे समेट्ने प्रश्नावली निर्माणको तालिम सहभागिलाई प्रदान गरिनेछ ।

तालिमको उद्धाटन गर्दै राष्ट्रिय दलित आयोगकी सदस्य मिना सोबले तालिमपश्चात देशका विभिन्न भागमा पुगेर गरिने अध्ययन एवं तथ्यांक संकलनको कामले नेपाली दलित आन्दोलन, अपाङ्गता आन्दोलन, समग्र दलित अधिकारदेखि अपाङ्गता भएका दलित नागरिकको अधिकारका सन्दर्भमा नयाँ जागरण ल्याउने विश्वास व्यक्त गरिन् ।

सोबले राष्ट्रिय दलित अयोग दलितसँग सरोकार राख्ने कुनै पनि खालका अधिकारका, जागरण एवं पैरवीका विषयमा सहकार्य, हातेमालो एवं अभिभावकत्व ग्रहण गर्न तयार रहने बताइन् ।

उनले भनिन्, 'यो तालिम लगायत आगामी कार्यक्रममा राष्ट्रिय दलित आयोगसँग सहकार्यको उत्साह तपाईहरुले राख्नुभएको छ, अयोग त्यसका लागि तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।'

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगकी अपाङ्गता क्षेत्र हेर्ने फोकल पर्सन कल्पना नेपाल आर्चायले राष्ट्रिय मानव अधिकार आयोग अपाङ्गताभित्रका विविधताबारे संवेदनशिल रहेको भन्दै अपाङ्गता भएका नागरिकको अधिकारको मूलप्रवाहीकरणका लागि आयोग सदैव सकारात्मक रहेको बताइन् ।'

संविधानत: अपाङ्गता भएका नागरिकको अधिकारको सुनिश्चितताको व्यवस्था भएपनि पहिचान, पहुँच र प्रतिनिधित्वको हिसाबले यो वर्ग सधैँ वञ्चितिकरणमा पर्दै आएको छ, यो दुई दिने तालिम, त्यपछि जिल्ला जिल्ला पुगेर गरिने अध्ययनको निष्कर्ष र सुझावले राज्यलाई मार्गदर्शन गर्न मद्दत पुग्ने विश्सास व्यक्त गरिन् ।

कार्यक्रमा अपाङ्गता अधिकारकर्मी एवम् तालिमका सहजकर्ता कृष्ण गहतराजले अपाङ्गता भएका दलित नागरिक सबैभन्दा पछाडि एवम् पिँधमा पारिएको वर्ग भएको भन्दै उनीहरुको मानवअधिकारको अवस्थाको अध्ययनका सन्दर्भमा तालिम केन्द्रित हुने बताए ।

'दलित अपाङ्गता भएका नगारिकको समग्र अवस्थाबारेको तथ्याकं संकलन एवं अवस्था अध्ययन कसरी वैध, विश्वासिलो एवं वैज्ञानिक बन्न सक्छ भन्ने सन्दर्भमा यो दुई दिनको तालिम केन्द्रित हुनेछ,' गहतराज भने ।

राष्ट्रिय दलित आयोगले यो तालिम देखि दलित अपाङ्गता भएका नागरिकको अवस्थाबारे व्यक्त गरेको सरोकारप्रति आभार प्रकट गर्दै अवस्था अध्ययन एवं तथ्यांक संकलनपश्चातको पैरबीका कार्यक्रममा पनि आयोगसँग सहकार्य गरिने अधिकारकर्मी गहतराजले बताए ।

दुई दिने तालिमको पहिलो उद्धाटन सत्र दलित अपाङ्गता भएका व्यक्तिहरुको संघ नेपालकी अध्यक्ष पम्फा पुरकोटीको अध्यक्षतामा भएको थियो ।

दुई दिने तालिमको सहजकर्ताका रुपमा अपाङ्गता अधिकारका अनुसन्धानकर्ता किरण चालिसे र अपाङ्गता अधिकारर्मी कृष्ण गहतराज रहनेछन् । तालिम लिएका तालिमकर्ताहरु नै सोमबार राष्ट्रिय सर्वेक्षणमा गणकका रुपमा खटिनेछन् । उनीहरुबाट प्राप्त रिपोर्टको प्रतिवेदन सार्वजनिक गर्दे संस्थाले राष्ट्रिय कार्यक्रम गर्ने समेत संस्थाकी अध्यक्ष पम्फा पुर्कोटीले जानकारी दिइन् ।


मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**, गौर, रौतहट

**सार्वजनिक, निजी साझेदारी मोडेलमा Custom Hiring Center स्थापनका लागि निवेदन आव्हान सम्बन्धी सूचना**

सूचना नं. १३-२०८१।०८२
प्रथम पटक प्रकाशित मिति २०८०/०७/१२

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सार्वजनिक, निजी साझेदारि मोडेलमा Custom Hiring Center स्थापन कार्यक्रम रहेको हुदाँ यस रौतहट जिल्लाका भित्रका ईच्छुक लागत सहभागिता वापतको रकम सुनिश्चित गरेका स्थानीय तह (गा.पा./न.पा.) सहकारी / कृषि जन्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन अर्थात (२०८०/०८/०२ गतेसम्म) कार्यालय समयभित्र तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी खामबन्दी प्रस्ताव/आवेदन दर्ता गर्न हुन आव्हान निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट ackrautahat.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टाँस गरी) ।
२. कृषि उद्योगको हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र । सहकारी संस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण तथा कर चुक्ता प्रमाणपत्र ।
३. कस्टम हायरिंग सेन्टरको लागी जग्गा (कम्तिमा ५ कट्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गाधनीको कित्ता नं खुलेको विवरण र कागजात ।
४. कस्टम हायरिंग सेन्टरको लागी चाहिने उपकरणको कृषि ईन्जिनियर वा मेकानिकल ईन्जिनियरवाट तयार गरिएको प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र श्रोत खुलाउनु पर्ने ।
५. स्थानिय तह वा कृषिजन्य उधोगको हकमा अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।
६. कस्टम हायरिंग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस ।
७. प्रस्तावित स्थलमा कस्टम हायरिंग सेन्टरको निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सम्बन्धित कृषि विकास शाखाको सिफारिश पत्र ।

**नोट:** स्थलगत निरीक्षणबाट उपयुक्त ठहरिएका प्रस्तावकहरुसँग थप विवरण र कागजात मांग गर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि ९८५५०२४००१ मा सम्पर्क गर्न सकिनेछ ।

नि. कार्यालय प्रमुख



## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०७/१२ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

### मझिमटार, धादिङ शाखा

**१. ऋणीहरूको विवरण**

क. **गणेश बहादुर हमाल**
ना.प्र.नं.- २१९८१
जारी मिति - २०५४/०८/१८ जि.प्र.का. धादिङ्ग
बाबु - प्रेम बहादुर हमाल ठकुरी
बाजे - तेज बहादुर हमाल ठकुरी
स्थायी ठेगाना- धुषा गा बि स वडा नं. १, धादिङ
हालको ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९

ख. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उधोग वाण्ज्यि तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विकाश समिती, धादिङमा मिति २०६८/०५/२७ मा प्रा.फ.नं. २७१४/०६८/०६९ कायम भई दर्ता रहेको धादिङ जिल्ला, जोगीमारा गा.वि.स. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **परमेश्वर पोल्ट्री फर्म ।**
**प्रोप्राईटर - गणेश बहादुर हमाल**

**धितो सुरक्षणको विवरण**

१. **गणेश बहादुर हमाल**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, जोगीमारा गा.वि.स./न.पा. वडा नं. ६ ख स्थित कित्ता नं. ५०४, ५०१ र ३३६ को क्षे.फ. क्रमश ०-७-१-०, ०-४-३-३ र ०-२-१-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
२. **गणेश बहादुर हमाल**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, घ्यालचोक गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ५५० को क्षे.फ.२-११-३-२ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **शोभा हमाल**
ना.प्र.नं.- ७६३
जारी मिति - २०६३/५/१२, जि.प्र.का. धादिङ्ग
बाबु - बिष्णु बहादुर सिंह ठकुरी
बाजे - मन बहादुर सिंह ठकुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

२. **दिपेन्द्र हमाल**
ना.प्र.नं.- २६-०१-७५-०३४१४
जारी मिति - २०६७/९/२०, जि.प्र.का. धादिङ्ग
बाबु - गणेश बहादुर हमाल
बाजे - प्रेम बहादुर हमाल ठकुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९
हालको ठेगाना- ऐ.ऐ

३. **दिपेन हमाल**
ना.प्र.नं.- २६-१०-७३-००२६८
जारी मिति - २०७३/५/३०, जि.प्र.का. धादिङ्ग
बाबु - श्री गणेश बहादुर हमाल
बाजे - प्रेम बहादुर हमाल ठकुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

४. **दिपेश हमाल**
ना.प्र.नं.- २६३०३५-७०/४२
जारी मिति - २०७०/२/२३, जि.प्र.का. धादिङ्ग
बाबु - श्री गणेश बहादुर हमाल
बाजे - प्रेम बहादुर हमाल ठकुरी
स्थायी ठेगाना- ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९)
हालको ठेगाना- ऐ.ऐ

५. **दिनेश हमाल**
ना.प्र.नं.- २६१/४०५६३
जारी मिति - २०७५/०३/२२, जि.प्र.का. धादिङ्ग
बाबु - श्री गणेश बहादुर हमाल
बाजे - प्रेम बहादुर हमाल ठकुरी
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, बेनिघाट रोराङ्ग गा.पा., वडा नं. ९ (साविक जोगीमारा गा.वि.स. वडा नं. ०९
हालको ठेगाना- ऐ.ऐ

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **येसे लोडोइ लामा**
ना.प्र.नं.- १/१९५२/१२
जारी मिति - २०५२/०५/०२, जि.प्र.का. हुम्ला
बाबु - छिरिङ्ग छेमेल लामा
बाजे - उर्गेन पौ लामा
स्थायी ठेगाना- हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/न.पा. वडा नं. ०७
हालको ठेगाना - काठमाण्डौ' जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १०

२. **सुजना गुरुङ**
ना.प्र.नं.- ४४१०२५/१०६७
जारी मिति - २०७१/०१/०५, जि.प्र.का. गोरखा
बाबु - सन्त वहादुर गुरुङ
बाजे - करसाङ्ग गुरुङ
स्थायी ठेगाना- गोरखा जिल्ला, खोपलाङ गा.वि.स/न.पा. वडा नं. ०४
हालको ठेगाना- काठमाण्डौ' जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १०

### रामहिटी, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०१/२० मा दर्ता नं. ६२३७२/०६५/६६ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं १४ स्थित रजिष्ट्रार कार्यालय रहेको **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा.लि. ।**

**संस्थागत जमानीकर्ताको विवरण:**

१. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/३० मा दर्ता नं. ७९६०९/०६७/६८ कायम भई दर्ता रहेको **श्रृष्टी रोडा ढुङ्गा उद्योग प्रा. लि. ।**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **मणीराम सिगदेल**
ना.प्र.नं.- २७५८८६/६४३९
जारी मिति - २०३७/११/१४, जि.प्र.का. काठमाण्डौ
बाबु - रामचन्द्र सिग्देल
बाजे - खेम प्रसाद सिग्देल
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६

२. **विश्वनाथ पन्त**
ना.प्र.नं.- ३५७७९
जारी मिति - २०५६/११/२७, जि.प्र.का. धादिङ
बाबु - कृष्ण प्रसाद पन्त
बाजे - टंक नाथ पन्त
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाक्रे गा.वि.स वडा नं. ५
हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ८

३. **सक्षम थापा**
ना.प्र.नं.- ४३२५
जारी मिति - २०६३/०३/२५, जि.प्र.का. काठमाण्डौ
बाबु - महेश थापा
बाजे - टंक बहादुर थापा
स्थायी ठेगाना- संखुवासभा जिल्ला सितलपाटी गा.वि.स वडा नं. २
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ३

४. **राजन खड्का**
ना.प्र.नं.- १४५१९०
जारी मिति - २०६२/०४/१६, जि.प्र.का. सिन्धुपाल्चोक
बाबु - महेश थापा
बाजे - बुद्धीध्वज खड्का
स्थायी ठेगाना- संखुवासभा जिल्ला सितलपाटी गा.वि.स वडा नं. २
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ३

५. **नुमा थापा**
ना.प्र.नं.- २७१०६०/९४२७०
जारी मिति - २०६९/०१/२५, जि.प्र.का. काठमाण्डौ
बाबु - धन बहादुर क्षेत्री
बाजे - दल बहादुर क्षेत्री
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३२

६. **कृष्ण प्रसाद पन्त**
ना.प्र.नं.- १५३,
जारी मिति - २०४४/०५/१४, जि.प्र.का. धादिङ
बाबु - देव दत्त पन्त
बाजे - हर्क देव पन्त
स्थायी ठेगाना- धादिङ्ग जिल्ला थाक्रे गा.वि.स वडा नं. ७
हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १३

७. **महेश कुमार सिग्देल**
ना.प्र.नं.- ११५४२
जारी मिति - २०४५/११/१५, जि.प्र.का. काठमाण्डौ
बाबु - रामचन्द्र सिग्देल
बाजे - खेम प्रसाद सिग्देल
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६

८. **मनोज सिग्देल**
ना.प्र.नं.- १०९४६/६१५३
जारी मिति - २०५०/०४/१७, जि.प्र.का. काठमाण्डौ
बाबु - रामचन्द्र सिग्देल
बाजे - खेम प्रसाद सिग्देल
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ६

९. **टेक बहादुर थापा मगर**
ना.प्र.नं.- ६०९०
जारी मिति - २०५०/०७/०६, जि.प्र.का. धादिङ्ग
बाबु - कर्ण बहादुर थापा मगर
बाजे - रण बिर थापा मगर
स्थायी ठेगाना- धादिङ्ग जिल्ला सलाङ्ग गा.वि.स वडा नं. ६
हालको ठेगाना- ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. १९

**धितो सुरक्षणको विवरण**

१. **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा. लि.**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स. वडा नं. ३/ग स्थित कित्ता नं. ३३६, ३३७, २५६, ६०४, ६०६, २५४, २४६, ६०८, २५७, २५८, २५१, २५२, २७५, २७७, ६९९, ३३८, ७००, २८२, २७८, ६२३ र ६२२ को क्षेत्रफल क्रमश: १६९७.१०, १५२६.२२, १५९९.७५, २८६.१७, ९५.३९, २१९३.९४, ८८४.३३, १०१७.४८, २५०.४०, ४७४.९६, १३५५.३१, १९३९.५७, २७३४.४४, ३९९.३७, ५०८.७४, ४७२.८९, ५०८.७४, २४७०.१७, २०२५.०२, ३४९.७६ र १५८.९८ (व.मी) को जग्गा तथा ऐ.ए जिल्ला थाक्रे वडा नं. ४/ग स्थित कित्ता नं. १२७, १३५, ८८, १२९, १३१, १३७ र १३३ को क्षेत्रफल क्रमश: ३१.८०, १३५.१९, ३९.७५, ९५.३९,९५.३९, १५८.९८ र ९५.३९ (व.मि) र ऐ.ऐ जिल्ला थाक्रे गा.वि.स. वडा नं. ४/क स्थित कित्ता नं. २५६, २५७, ५, २६६, २६७ र ७ को क्षेत्रफल क्रमश: २७२४.५४, २७२४.५४, ३९५.४७, १८७०.०२, १८७०.०२, र १३९९.०४ (व.मि) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
२. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा.लि.** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. PUNJS22CPJ2560518, ई.नं. H00166953, सवारी नं. प्रदेश ३ ०१ ००३ क ४६०१, को JS 220 Excavator थान १ ।
३. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा.लि.** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. PUNJ432Z0AJ2188482, ई.नं. 84814470, सवारी नं. प्रदेश ३ ०१ ००३ क ४६०२ को JCB432ZX Wheel Loader थान १ ।
४. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा.लि.** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. PUNJD38CJ2500801, ई.नं. U2779617, सवारी नं. प्रदेश ३ ०१ ००३ क ४६०३ को Excavator थान १ ।
५. धनि कुमारी बैक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **श्री कुमारीमाता रोडा ढुङ्गा उद्योग प्रा.लि.** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. 2560463, ई.नं. H00164869, सवारी नं. प्रदेश ३ ०१ ००३ क ४६०० को JS 220 Tracked Excavator थान १ ।

### बागबजार, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०८/१२ मा दर्ता नं. २०३२६३/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **विनायक टायर सेन्टर प्रा.लि.।**

**धितो सुरक्षणको विवरण**

१. **ललिता थापा**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कित्ता नं. ४ को क्षे.फ. १-१६-७-० (वि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **विनायक टायर सेन्टर प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **निश्चल थापा मगर**
ना.प्र.नं.- १९/२०५६/१२२१
जारी मिति - २०६९/०८/२२, जि.प्र.का. सर्लाही
बाबु - संतोष कुमार थापा मगर
बाजे - कृष्ण वहादुर थापा
स्थायी ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

२. **विवेक भण्डारी**
ना.प्र.नं.- २९-३०५०९
जारी मिति - २०६३/०३/०४, जि.प्र.का. भक्तपुर
बाबु - राम कृष्ण भण्डारी
बाजे - भरत बहादुर भण्डारी
स्थायी ठेगाना- भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा., वडा नं. ०५
हालको ठेगाना- ऐ.ऐ

३. **ललिता थापा**
ना.प्र.नं.- ५५३/१००८,
जारी मिति - २०४५/०१/२४ जि.प्र.का. सर्लाही
बाबु - खड्गनारायण थापा
बाजे- रबिलाल थापा
स्थायी ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०२
हालको ठेगाना- ऐ.ऐ

### सुन्दरीजल शाखा

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०५/१९ मा दर्ता नं. १९७८५८/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ' जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थित रजिष्टर्ड कार्यालय रहेको **यस ज्वैलर्स प्रा.लि. ।**
**सञ्चालक - येसे लोडोइ लामा**

**धितो सुरक्षणको विवरण**

१. **येसे लोडोइ लामा**को नाममा मालपोत कार्यालय, चाबाहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३८ को क्षे.फ. ३४०.१० (व.मी) को घरजग्गा ऐ.ऐ कपन गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १६० क्षे.फ. १६२.९६ (व.मी) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।
२. ऋणी **यस ज्वैलर्स प्रा.लि.**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# सिरहा सखुवानन्कारकट्टीका विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान



**प्रदिप सिंह लहान/मध्यान्ह**
सिरहा, ११ कात्तिक

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-२ मा रहेको आधारभूत विद्यालय, बेतहा जगतपुरमा लायन्स क्लब अफ लहान फुलवारीले सयौं विद्यार्थीलाई स्कुल ब्याग, कलम, कापी लगायतका शैक्षिक सामग्री वितरण गरेको छ ।

सामाजिक उत्तरदायित्वअन्तर्गत गरिएको यस सहयोगले विद्यार्थीहरूलाई अध्ययनप्रति प्रेरित गर्ने र उनीहरूको शैक्षिक प्रगति अभिवृद्धि गर्ने उद्देश्य लिएको थियो । कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष शंकरप्रसाद गुप्ताले गरेका थिए भने प्रमुख अतिथिका रूपमा उपप्रमुख निलम देवी यादवको विशेष उपस्थिति रहेको थियो । यादवले आर्थिक रुपमा कमजोर, गरिब र दलित समुदायका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरणले थप प्रोत्साहन मिल्ने बताइन् ।

कार्यक्रममा लायन्स क्लबका अन्य सदस्यहरू, स्थानीय नेता तथा अपाङ्ग पुनर्स्थापना केन्द्रका अध्यक्षसहितले विद्यार्थीहरूलाई शैक्षिक सामग्री हस्तान्तरण गरेका थिए। साथै, विद्यालयलाई हराभरा बनाउने अभियानअन्तर्गत विभिन्न प्रजातिका बिरुवा रोपण पनि गरिएको थियो, जसले वातावरणीय संरक्षण र हरियालीको महत्वमा जागरुकता फैलाउने उद्देश्य राखेको थियो ।

विद्यालयका प्रधानाध्यापक उपेन्द्र प्रसाद यादवलाई लायन्स क्लबले 'टोकन अफ लभ'द्वारा सम्मान गरेको थियो । साथै, उद्योग वाणिज्य संघका सचिवले विद्यार्थीहरूलाई लिचीको जुस वितरण गर्दै समाजका सबै वर्गको शैक्षिक प्रगति र समृद्धिका लागि एकताको महत्वमा जोड दिए । बेतहा जगतपुर आधारभूत विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीयवासीले लायन्स क्लबको यस सहयोगप्रति कृतज्ञता प्रकट गर्दै समाजको सकारात्मक रूपान्तरणमा यसको महत्वपूर्ण योगदानको प्रशंसा गरे ।

# काभ्रेका बाढी पीडितलाई सहयोग

**काभ्रे/मस-** कतारमा स्थापित करिब तीन दर्जन संघसंस्थाहरूसहित विभिन्न व्यक्तित्वहरूको सहयोगमा संकलित रकम बाढी पहिरोका पीडितहरूलाई हस्तान्तरण गरिएको छ । गत असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढी पहिरोमा परी सबैभन्दा बढी क्षति भएको बागमती प्रदेश अन्तर्गत काभ्रेपलान्चोक जिल्लाको रोशी गाउँपालिका वडा नम्बर-१, २ र ३ का स्थानीय पीडितहरूलाई संकलित रकमबाट अत्यावश्यक सामग्री खरिद गरी हस्तान्तरण गरिएको गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारले जनाएको छ ।

वितरण गरिएका सामग्रीहरू तीन लाख पचास हजार रुपैयाँ बराबरका लत्ताकपडासहित खाद्य समग्रीहरु रहेका थिए । राहत वितरण कार्यक्रममा घर बिदामा नेपाल आएका एनसीसी कतारका पूर्वअध्यक्ष नरेन्द्र भाट, एनसीसी कतारका सल्लाहकार बुद्धि प्रसाद भण्डारी, सामाजिक अभियान्ताहरु सिताराम थापा, दीपक लामिछानेले र राजु पुडासैनीसहितको टोलीले प्रभावित क्षेत्रमा प्रत्यक्ष उपस्थित भएर राहत वितरण समितिका अध्यक्ष, सुरक्षा निकायका प्रतिनिधि एवम् स्थानीय निकायसँगको समन्वय तथा सहकार्यमा पीडित परिवारलाई वितरण गरेको थियो ।



कतारमा विभिन्न समस्यामा परेका श्रमिकहरूको सेवामा अग्रणी रहने एनसीसी कतारले नेपालका हरेक विपत्तिमा सघाउँदै आइरहेको छ । 'बाढी र पहिरोका कारण सयौं नागरिकको ज्यान गएको छ भने ठूलो संख्यामा बेपत्ता र घाइते भएका छन् । यस्तो अवस्थामा प्रवासीलाई धेरै दुख्ने रहेछ र चुप लागेर बस्न सकिने रहेनछ, त्यसैले सार्वजनिक रूपमा सहयोगको अपिल गर्दै प्राप्त रकममार्फत पहिलो चरणमा सहयोग गरेका हौं,' एनसीसी कतारका अध्यक्ष रमेश भट्टले मध्यान्हसँग भने ।

उनले हजारौं नागरिक घरबारविहीन भएको हुँदा एनसीसी कतारले पनि दोस्रो चरणमा फरक स्थानमा राहात वितरण गर्ने बताए । अध्यक्ष भट्टले मानवीय सेवाका लागि आर्थिक सहयोग गर्ने कतारका विभिन्न संघसंस्थासहित राहत वितरणका लागि समन्वय गर्ने एनसीसीकै सल्लाहकार माया केसी तथा विभिन्न व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गरेका छन् ।


## अत्यन्त जरूरी सूचना

यस दि हिमालयन एचआर प्रा.लि. (श्रम इजाजतपत्र नं. १२३२/०७४/०७५) मा श्रम प्रतिनिधिको रूपमा कार्यरत कर्मचारी श्री पूर्ण बहादुर मगरलाई यस कम्पनीको मिति मिति २०८१/०७/११ गतेको संचालक समितिको निर्णय बमोजिम निजलाई सेवाबाट हटाइयो व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ, अब उप्रान्त निजसंग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु नगराउनु होला । गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौंमा ७ दिन भित्र सम्पर्क गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**दि हिमालयन एच. आर. प्रा. लि.**
श्रम इजाजत नं.: १२३२/०७४/०७५
शम्भु मार्ग, ऐरपोर्ट, काठमाडौं फोन.: ०१-४४९७७१३



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय**
धुन्चे, रसुवा

## बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना

**दोस्रो पटक प्रकाशन मितिः २०८१/०७/१२**

नेपाल वाटर एण्ड इनर्जी डेभलप्मेन्ट कम्पनि प्रा. लि. (NWEDC) प्रस्तावक रहेको श्री माथिल्लो त्रिशुली १ (२१६ मे.वा.) जलविद्युत आयोजना र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभाग बीच मिति २०७०/०९/०५ मा भएको सम्झौता तथा यस कार्यालयको मिति २०७७/१२/१ को कटान आदेस अनुसार उक्त आयोजनाले बिभिन्न प्रजातिका २५९ वटा रुखहरु कटान मुछान गर्दा निस्किएका मध्य गोसाईकुन्ड गाउँपालिका, वार्ड नम्बर ६ को त्रिशुली खोलाको किनार, मैलुङमा घाटगद्दी गरी राखिएका विभिन्न प्रजातिका गोलिया थान ५४४ को ४२९६.७४ घनफिट (न्युनतम मूल्य रु ७,२५,७३२.०० (मूल्य अभिवृद्धि कर बाहेक) र संकलन मूल्य रु ८,०२,३३०.०० गरि जम्मा मूल्य रु १५,२८,०६२.००) काठहरु जे जस्तो अबस्थामा छन्, सोहि अबस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएको हुँदा उक्त काम गर्न अनुमति प्राप्त इच्छुक बन पैदावारको कारोबार गर्ने काष्ठ व्यवसायी वा फर्म वा कम्पनीले बोलपत्र पेस गर्नुहुन यो १५ दिने सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागी लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय, धुन्चे, रसुवामा सम्पर्क गर्न सकिनेछ ।

**लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय, रसुवा ।**
**सम्पर्कः ०१०-५४०२१९**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०७/२९ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२०२३५३** को **होम फ्रम होम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/११ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Saudi मा रोजगार Durrat Al Afak General Contracting Est.**

पूर्व स्वीकृती मितिः २०८१/०७/०९ चलानी नं. ६०२२७१७९ LT No.: 312789

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Loader & Unloader | 3 | [illegible] | 1000 | ३६,०००/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छ | छ | [illegible] |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

**अन्तरवार्ता २०८१ कार्तिक १९ गते (4 Nov., 2024) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।**

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम इजाजत नं.: ७४१/०६४/०६५



**साउदीमा रोजगार**
कम्पनीः Baqsha Sandah Dubyan Al Otaibi General Contracting Establishment शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/११ चलानी नं.: ६०२२७२१५ LT. No.: 312780

